मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २६३ ● २०८० साल साउन १८ गते बिहीबार ● Thursday 03, August 2023 ● सूर्योदय: बिहान ५:३० बजे ● सूर्यास्त: साँझ ६:५२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# 'आशा र भरोसालाई सङ्गठनमा रुपान्तरण गरौँ'

'मेरो नेतृत्वको सरकारले थालेका कामबाट जनतामा नयाँ आशा पलाएको छ । जनतामा उत्पन्न भएको आशा र भरोसालाई सङ्गठनमा रुपान्तरणमा गर्नुपर्ने देखिएको छ ।'

***पुष्पकमल दाहाल 'प्रचण्ड'***
*प्रधानमन्त्री एवम् अध्यक्ष,*
*नेकपा माओवादी केन्द्र*




**मधेशदृष्टि**
**काठमाडौँ ।**
सत्तारुढ नेकपा माओवादी केन्द्रको केन्द्रीय समितिको चौथो पूर्ण बैठक काठमाडौँमा सुरु भएको छ । बैठक अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शुभारम्भ गरे । केन्द्रीय समितिको बैठकले सरकारले गरेको कामलाई अझ व्यवस्थित गर्ने, प्रभावकारी बनाउने, राष्ट्र र जनताको आवश्यकतानुसार अगाडि बढ्न सहज वातावरण बनाउने दाहालको विश्वास छ । 'राष्ट्रिय एकता र स्वाधीनतालाई सुदृढ गर्नुपर्ने आवश्यकता छ । राष्ट्रिय एकता र स्वाधिनतालाई सुदृढीकरण गर्न केन्द्रीय समितिले छलफल र निष्कर्ष निकाल्ने छ,' उनले भने । उनले पछिल्लो चरणमा अन्तर्राष्ट्रिय र क्षेत्रीय राजनीतिमा ध्रुवीकरणका नयाँ प्रक्रिया देखापरेको उल्लेख गर्दै नेपालजस्तो भूराजनीतिक जटिलता भएको देशमा त्यसको प्रभाव परिरहेको बताए । कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा सुरु भएको बैठकमा तीन सय ८५ पूर्ण केन्द्रीय सदस्य, एक सय ९८ वैकल्पिक केन्द्रीय सदस्य, तीन आयोगका सदस्य ७५ र १० प्रदेशका पदाधिकारी एक सय गरी सात सय ५८ जनाको सहभागिता छ । बैठक पाँच दिनसम्म चल्नेछ ।

## ■ १८ जनाको धारणा

चौथो पूर्ण बैठकमा अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सक्षिप्त प्रतिवेदनमाथि १८ नेताले आआफ्नो धारणा प्रस्तुत गरेका छन् । कमलादीस्थित प्रज्ञा–प्रतिष्ठानमा भएको बैठकमा ती नेताले पार्टीको पुनःनिर्माण, पार्टीको कार्यशैली, सङ्गठनको प्रभावकारिता र सरकारका कामकारबाहीका बारेमा धारणा राखेका हुन् । पार्टीलाई नयाँ जीवन दिने, सङ्गठनात्मक संरचनालाई सानो बनाउने, पार्टीलाई पुनःजागृत गर्ने भन्ने विषयमा केन्द्रित भएर नेताहरूले धारणा राखेको माओवादीका केन्द्रीय सदस्य माधव सापकोटाले जानकारी दिए । प्रस्तावमाथि धारणा राख्न चाहेका नेतालाई नाम टिपाएका आधारमा पालैपालो बोल्न दिइएको थियो ।

## ■ ७,५२,९५६ सदस्य

अध्यक्ष दाहालले पार्टी सदस्यको संख्या सात लाख ५२ हजार नौ सय ५६ रहको तथ्याङ्क राखे । कोशीमा ९९ हजार छ सय एक, मधेशमा एक लाख १६ हजार नौ सय ७५, बागमतीमा एक लाख ४७ हजार तीन सय ५३, गण्डकीमा ६६ हजार छ सय ८७, लुम्बिनीमा एक लाख १२ हजार नौ सय १०, कर्णालीमा ८५ हजार सात सय ७४ र सुदूरपश्चिममा ७० हजार चार सय ८२, सम्पर्क कमिटी १९ हजार तीन सय १३, उपत्यकामा १८ हजार तीन सय २५ र प्रवासमा पाँच हजार पाँच सय ३७ पार्टी सदस्य रहेको अध्यक्ष दाहालको प्रस्तावमा उल्लेख छ ।

## ■ जिम्मेवारी विभाजन

नेकपा माओवादी केन्द्रले नेताहरूको कार्यविभाजन गर्ने भएको छ ।
पार्टी अध्यक्षः समग्र पार्टीको हेन्डलिङ
उपाध्यक्षः ३२ विभागको जिम्मेवारी
महासचिव र उपमहासचिवहरुः जनवर्गीय संगठनको जिम्मेवारी
सचिवहरुः प्रदेशको समन्वय गर्नेगरी अध्यक्ष बनाइने
केन्द्रीय सदस्यहरुः केन्द्रदेखि वडा तहसम्म समन्वयकर्ता

## ■ ४०९ सदस्यीय कमिटी बनाइने

नेकपा माओवादी केन्द्रले केन्द्रीय समिति सदस्य विस्तार गर्ने भएको छ । केन्द्रीय कमिटी बैठकमार्फत केन्द्रीय सदस्य थप गरी ४ सय ९ सदस्यीय बनाइने पार्टी सचिव गणेश साहले जानकारी दिए । बुधबार बसेको स्थायी कमिटी बैठकले विधान संशोधन गरेर केन्द्रीय सदस्य विस्तार गर्ने निर्णय गरेको उनले बताए । समावेशी नभएकामा महिला, जनजाति र युवाले गुनासो गरेपछि विधान संशोधन गर्ने निर्णय भएको सचिव साहले जानकारी दिए । माओवादी केन्द्रले २२ जना महिला नेतृलाई केन्द्रीय सदस्य बनाउने भएको छ ।२०७८ पुसमा सम्पन्न नवौँ महाधिवेशनले केन्द्रीय कमिटीमा महिलाको संख्या ३५ प्रतिशत पु¥याउने निर्णय गरे पनि कार्यान्वयन हुन सकेको थिएन । महाधिवेशनले २ सय ९९ केन्द्रीय कमिटी अनुमोदन गरेको थियो । गत वर्ष माओवादी केन्द्रले विधानविपरीत ३ सय ८५ सदस्यीय कमिटी बनाएको थियो ।

## ■ तीनमहिने संगठन सुदृढिकरण अभियान

नेकपा माओवादी केन्द्रले भदौ महिनादेखि तीन महिनासम्म संगठन सुदृढिकरण अभियान चलाउने भएको छ । बुधबार सुरु पार्टीको केन्द्रीय समिति बैठकमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्दै भदौ, असोज र कात्तिक महिनामा 'जनतासँग पार्टी अभियान' चलाउने जानकारी दिए । अभियानक्रममा देशभरका सबै ६ हजार ७ सय ४३ वटै वडा समिति गठन, जातीय मोर्चाले आफ्नो जनसंख्याको कम्तीमा १० प्रतिशतलाई संगठित गर्ने प्रतिवेदनमा उल्लेख छ । अभियानमा सबै समिति डिजिटल बनाइने, वार्षिक कार्यतालिका बनाउने, मंसिरमा विधान सम्मेलन गर्ने, सचिवहरुले प्रदेशको जिम्मेवारी लिने र सबै केन्द्रीय सदस्य वडा तहमा पठाउने माओवादीको योजना छ । उनले माओवादी केन्द्रले जितेका १ सय २२ स्थानीय तहलाई नमूना बनाउने योजना पनि सुनाए ।

# '३० दिनभित्र विश्वासको मत'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री उद्धव थापाले ३० दिनभित्र सरकारले विश्वासको मत लिने दाबी गरेका छन् । बुधबार शपथ ग्रहणपछि उनले सरकारले उपयुक्त समय हेरेर गठबन्धन दलसँग छलफल गरी विश्वासको मत लिने बताए ।
उनले अवरुद्ध सदन सञ्चालनमा राख्न, विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्न तथा रोकिएको बजेटलाई सदनमार्फत कार्यान्वयन गर्नेजस्ता मुख्य कार्य सरकारको रहेको बताए । मुख्यमन्त्री थापाले सरकारले आवश्यकताअनुसार मन्त्रालय थपघट गर्नसक्ने चर्चा गर्दै गठबन्धन दलबीच छलफल गरी सहमतिका आधारमा मन्त्रिमण्डल विस्तार गर्ने जानकारी दिए । उनले राष्ट्रिय प्रजातन्त्र पार्टीलाई सरकारमा सहभागी गराउन विभिन्न चरणमा छलफल चलिरहेको बताउँदै वर्तमान सरकारलाई समर्थन दिएर दुर्घटनाबाट जोगाउने विश्वास व्यक्त गरे ।
मुख्यमन्त्री थापाले राप्रपाबाट वर्तमान सरकारलाई जनताका पक्षमा कार्य गर्नका लागि आवश्यक साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।

**तीन मन्त्री नियुक्त**
कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री उद्धव थापाले आर्थिक मामिला तथा योजनामन्त्री बाबुराम गौतम, खानेपानी, सिँचाई तथा ऊर्जामन्त्री प्रदीपकुमार सुनुवार र भौतिक पूर्वाधार विकासमन्त्री कमलप्रसाद जवेगुलाई कार्यविभाजनसहित प्रदेश प्रमुख परशुराम खापुङबाट पद तथा गोपनीयताको शपथ गराए ।

**सुदूरपश्चिममा पनि मन्त्री थपिए**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले कांग्रेसका शिवराज भट्टलाई आन्तरिक मामिला तथा कानुनमन्त्री र नागरिक उन्मुक्ति पार्टीका रामेश्वर चौधरीलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीमा नियुक्त गरेका छन् । नागरिक उन्मुक्ति पार्टीका कैलाश चौधरीलाई भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्रीमा नियुक्त गरिएको मुख्यमन्त्रीको निजी सचिवालयले जनाएको छ । बुधबार नियुक्त तीनै जनाले शपथ ग्रहण पनि लिइसकेको छन् । आन्तरिक मामिला मन्त्रीमा नियुक्त भएका भट्ट बैतडीको प्रदेशसभा (ख) बाट निर्वाचित हुन् भने चौधरी कैलाली निर्वाचन क्षेत्र नम्बर २ को प्रदेशसभा (ख) बाट निर्वाचित भएका हुन् । माघ २७ मा मुख्यमन्त्रीमा नियुक्त भएका शाहले तेस्रो पटक मन्त्रिपरिषद् विस्तार गर्दै सरकारलाई पूर्णता दिएका हुन् ।

# लामिछानेका आठ घोषणा




**मधेशदृष्टि**
**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् रवि लामिछानेले आफू निर्वाचित भएको एक सय दिनको अवसरमा 'विशेष कार्यक्रम' सार्वजनिक गरेका छन् । उनले निर्वाचन क्षेत्र विशेष कार्यक्रम अन्तर्गत घोषणा गरेको ८ कार्यक्रम यस्ता छन् ।
१. महिलाका लागि निर्वाचन क्षेत्रमा एउटा बस निःशुल्क सञ्चालन गरिने । बसमा पार्टीको झण्डामा प्रयोग भएको रङ्ग हुने र 'ब्लु बस' भनिने । बसमा महिलाका लागि अत्यावश्यक सामग्रीसँगै सांसद लामिछानेलाई चिठ्ठी राख्ने ठाउँको व्यवस्था हुने ।
२. विदेशमा रहेका एक सय जनालाई नेपालमा रोजगारीको घोषणा । मासिक ४० हजारदेखि एक लाख ५० हजार रुपैयाँसम्म तलब व्यवस्था हुने ।
३. हरेक चारमहिनामा सार्वजनिक सुनुवाइ गरिने । पहिलो कार्यक्रम आगामी भदौ १० गते ।
४. पैसठ्ठी वर्ष माथिका ज्येष्ठ नागरिकलाई लक्षित गर्दै मोबाइल क्लिनिक सञ्चालनमा ल्याइने । मेडिकल अधिकृतसहितको स्वास्थ्यकर्मीको समूहले घरमै पुगेर सेवा दिने ।
५. विपन्न नागरिकलाई पाँच लाख रुपैयाँ बराबरको स्वास्थ्य बीमा कार्यक्रम सुरु गरिने । पहिलो चरणमा एक सय जनालाई समावेश गरिने ।
६. दुई विद्यालयका कक्षा ११ र १२ लाई नमूना विद्यालयका रूपमा विकास गरिने ।
भरतपुर महानगरपालिकाको रामनगर मावि र कालिका नगरपालिकाको चतुर्मुखी माध्यामिक विद्यालयका कक्षा ११ र १२ का विद्यार्थीलाई पहिलो चरणमा उत्कृष्ठ शिक्षा दिएर ती दुई विद्यालय नमूना बनाइने ।
७. नारायणगढ–मुग्लिन सडकमा वर्षातको समयमा यात्रुले दुःख नपाउन् भनेर २० जनाको स्वयमसेवी समूह (आरएटि) परिचालन गरिने ।
८. लामिछानेले निर्वाचनमा प्राप्त गरेको मत ५४ हजार एक सय ७४ बराबर फलफूल र अन्यका बिरुवा निर्वाचन क्षेत्रमा रोपिने ।
कार्यक्रमका लागि आवश्यक बजेट जुटाउन चितवन क्लब गठन गरिने ।

# कुवेत पठाउने बहानामा ठगी पैसा नदिने धम्की



**मधेशदृष्टि**
**वीरगंज ।**
विदेश पठाइदिने बहानामा वीरगंजका दुई युवा ठगीमा परेका छन् । उनीहरुलाई ठग्नेलाई प्रहरीले पक्राउ गरे पनि उनीहरुको पैसा उठ्न नसक्ने अवस्था बनेको छ । एकातिर गाउँमा ऋण गरेर बिचौलियालाई रकम बुझाइयो, अर्कातिर बिचौलियाले हिरासतमै उनीहरुलाई धम्काउँदै भनिरहेको छ, अब पैसा दिन्नँ । अदालतमा धरौटी बुझाएर भारत गएर बस्छु । उनीलाई कुवेत पठाउने नाममा ठगीमा परेका हुन् ।
वैशाख २२ गते कुवेत जाने भनेर हिँडेका वीरगंजका अफरोज मियाँ र तुफान अलि काठमाडौँको गौशालास्थित मनसुर म्यानपावर कम्पनीका दलालबाट ठगिएका हुन् । उनीहरु वैशाख २२ गते राति कुवेतका लागि उडानको खबर पाएर काठमाडौँ पुगेका थिए । उनीहरुले म्यानपावरमा पाँच लाख रुपैयाँ बुझाएपछि कुवेत उड्ने अवसर पाएका थिए । जनही दुई लाख ५० हजार रुपैयाँका दरले पाँच लाख रुपैयाँ लाग्ने बताइएपछि पैसाको जोहो गरेका थिए । दुई लाख पहिले दिएका थिए भने उड्ने भनेका दिन ३ लाख रुपैयाँ बुझाएका थिए । म्यानपावर सञ्चालक अनवर राइन हुन् भने उनीहरुले २ लाख रुपैयाँ पैसा चैँ राइनका साथी गणेश कुमारको खातामा पठाएका थिए । तर भनेका दिन उनीहरुको उडान भएन । वैशाख २३ गते पनि राति ९ बजे उडान भनेर ढाँटियो । पछि थाहा भयो कि उनीहरुलाई निकै कम पैसामा जान भनिएको थियो र पैसा लिनेहरु बिचौलिया रहेछन् । कम पैसामा उनीहरु विदेश जान तयार नभएपछि धक्कामुक्कामा पनि परे । अफरोज र तुफान तीन महिनादेखि काठमाडौँमै छन् । आफूहरू ठगिएको थाहा पाएको करिब १५ दिनपछि उजुरी गर्न वैदेशिक रोजगार विभाग पुगे । उनीहरुको उजुरीपछि म्यानपावरका अनवर पक्राउ पनि परे । तर उनले एक पैसा नलिएको बयान दिए । पछि आइएमइबाट दुई लाख बुझेको रसिदका आधारमा पैसा फिर्ता गरिदिने वाचा गरे ।
अर्को तीन लाख लिएको अनवरले स्वीकार गरेको भिडियो पनि अफरोज र तुफानले विभागमा पेश गरे तर विभागले कागजै चाहिने भन्दै त्यसलाई प्रमाण नमानेपछि न्याय पाउन सकेनन् । उनीहरुलाई अनवरले नेपाल इन्भेष्टमेन्ट बैंकको दुई लाख रुपैयाँको चेक दिए । अफरोजको नामको चेकमा जेठ १६ गतेको मिति थियो । तर बैंकमा पटकपटक चेक साट्न जाँदा खातामा पैसा थिएन । उनीहरु पुनः उजुरी गर्न गएपछि अनवर पक्राउ परे । महाराजगन्ज प्रहरी वृत्तमा रहेका उनी भन्छन्, 'अब त मरिगए पैसा फिर्ता दिन्नँ । बरू अदालतमा २० हजार धरौटी बुझाउँछु र इन्डिया गएर बस्छु, कहिले नफर्किने गरी ।'
महराजगन्ज प्रहरी वृत्तका डीएसपी अंगुर जीसीका अनुसार अनवरलाई बैंकिङ कसुरमा हिरासतमा लिइएको हो । वैशाखमै काठमाडौँ आएका अफरोज र तुफानले बस्न र खानकै लागि अरु १ लाख रुपैयाँ भन्दा बढी खर्च गरिसकेका छन् । उनीहरुले फागुनमा ऋण लिएर विदेश जान रकम बुझाएका थिए ।



# पानी नपरे खेतीको चिन्ता परे उठिवास हुने पीर



**रासस**
**महोत्तरी ।**
मध्य साउन बितिसक्दासम्म खेतीका लागि पर्याप्त पानी नपरेपछि किसान चिन्तित छन् । खानेपानीको सङ्कट झेलिरहेका यहाँका किसान आकाशतिर ताक्दै पानी पार्ने बादल देखिन्छ कि भन्ने आशमा छन् । बर्खायाम सुरु भयो कि महोत्तरीका किसानलाई पानी पर्ने/नपर्ने पिरोलो बढ्छ । पानी नपर्दा खेती नहुने, खानेपानीको हाहाकार पर्ने, पानी बढी पर्दा घरखेत बाढीको कटान र डुवानमा पर्ने चिन्ताले सधैँ किसानलाई पिरलो हुन्छ ।

यस वर्ष साउनमध्य बितिसक्दासम्म पनि पानी नपरेपछि किसानले धान लगाउन पाएका छैनन् भने गर्मीका कारण अन्य बालीनाली र बोटबिरुवासमेत सुक्दै गएका छन् । खानेपानीका मुहान सुक्दा अहिले जिल्लाका कैयौं गाउँ/बस्तीमा खानेपानीको सङ्कट बढेको छ । जिल्लामा हालसम्म ४० प्रतिशत मात्रै धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र महोत्तरी जनाएको छ । केन्द्रका अनुसार कूल ७१ हजार हेक्टर जमिन खेतीयोग्य मानिएकामा करिब ५० हजार हेक्टर धान खेतीका लागि उपयुक्त मानिएको छ । जिल्लाको कूल खेतीयोग्य क्षेत्रफलमध्ये स्थायी सिँचाइ (कुलो/नहर) १० प्रतिशत जग्गामा पुगेको केन्द्रको तथ्याङ्कमा उल्लेख गरिएको छ । आकाशे पानीको भरमा खेती गर्ने किसान पानी नपरेपछि धानको बीउ ब्याडमै सुक्न थालेको बताउँछन् । सिँचाइ पुगेका स्थानमा पनि पानीका मुहान सक्न थालेको बर्दिबास–३ कालापानीका किसान नरबहादुर पुलामीले बताए । कलकल पानी बग्ने कुलोमा कमिलाका ताँती देखिने थालेका उनको भनाइ थियो । 'आकाशबाट पानी नपरेकाले कुलो तथा नहर सबै सुकेका छन्', पुलामीले भने, 'कुलोमा पानी ल्याउने नदी, खोल्साखोल्सी सबैमा धुलो उड्दैछ, अनि कहाँबाट पानी आउँछ र सिँचाइ हुन्छ !'

उनका अनुसार गत वर्षको बर्खामा बाढी र डुवानले कैयौँ बस्तीका नागरिका विस्थापित भएका थिए । उनीहरू अझै पनि पालमुनि बस्दैछन् । यस वर्ष साउनमध्य हुँदासम्म पनी खेती गर्ने पानी नपरेर चिन्ता थपेको उनको भनाइ छ । भङ्गाहा–५ सीतापुरका शिवनाथ खत्वेले पानी नपरेपछि धान रोप्न नपाएको बताए । उनले कुलोबाट सिँचाइ गरी रोपाइँ गरिए पनि धानको रोपो खङ्रङ सुक्दै गएको बताए । पानी नपरेर खेती गर्न नपाएका खत्वेलाई कहिलेकाहीँ चुरे पाहाडमा बादल मडारिएको देख्नासाथ अब घर उठिवास हुनेभो भन्ने चिन्ताले गलाउँछ ।

'आकाशे पानीको भरमा खेती गर्नु पर्ने भएकाले पानी नपर्दा खेत बाँझो बस्ने पीर, बादल मडारिएको देख्दा भिषण वर्षाले बडहरी नदीमा बाढी आएर बस्ती नै बगाएर लान्छ भन्ने त्रासले छ', उनले भने । जताततै धान हरिया देखिने समयमा खडेरीले उजाड बनाएको उनको भनाइ थियो । धनुषाको सीमासँगै रहेको उक्त बस्ती नजिकको बडहरी नदीमा धनुषातर्फ खोरिया–सीतापुरसम्म तटबन्ध छ । महोत्तरी सुरु भएपछि साँघुरिएको तटबन्धमा ठुलो पानी पर्दा आउने बाढीको बेगका कारण बस्ती जोखिममा परेको धतियाटोलका शोभित खत्वेले बताए ।
'पानी नपरे खेतीको चिन्ता, पानी परे बाढी र डुवानले उठिवास हुने चिन्ता छ', उनले भने । उनका अनुसार धतियाटोल बडहरी नदीको अहिलेको बहाव क्षेत्रबाट एक सय मिटर दुरीमा पर्दछ ।
एकदशकअघि एक किलोमिटर टाढाको नदीले धार फेर्दै बस्ती नजिकै आइपुगेको भन्दै नियन्त्रणका विकल्प नखोज्दा बस्ती नै जोखिममा परेको झौली भण्डारी मालीले बताए । बडहरि नदी वारीपारी बाँध बनाएर खेतीका लागि सिँचाइको व्यवस्था हुनुपर्ने उनको भनाइ थियो ।

'माथि बाँध बाँधेपछि नदीमा आउने बाढीले ल्याउने मलिलो माटो खेतमा पु¥याए उब्जनी बढ्छ', किशोरी सिंह राजपूतले भने, 'गत वर्षको बर्खेभेलले खेत पुरै कटान गरेको छ ।' नदी नियन्त्रणका उपाय खोजी सिँचाइको प्रबन्ध गर्न सके उत्पादन वृद्धि हुनुका साथै बस्ती सुरक्षित हुने उनको भनाइ थियो । बडहरि नदीले पछिल्ला १० वर्षयता बस्तीका ७० बिघाभन्दा बढी उर्बर जग्गा कटान गरेको जोगिन्दर यादवले बताए । 'विभिन्न ठाउँमा बाँध, कुलो बनाई सिँचाइका प्रबन्ध भएका समाचार आए पनि हाम्रोतिर भने सधैँ आकाशे पानीको भरमा बस्नुपरेको छ', उनले भने, 'स्थानीय सरकारको यसतर्फ ध्यान जान सकेको छैन ।'

'जनताको तटबन्ध कार्यक्रम'अन्र्तगत रातु, बडहरीलगायत नदीका ठाउँठाउँमा बाँध बाँधिए पनि भङ्गाहा नगरपालिका–३, ४ र ५ मा बाँध बाँधिएको छैन । यहाँका जनप्रतिनिधिले नागरिकको सुरक्षाका लागि पहल गर्नुपर्ने स्थानीयको माग छ । भङ्गाहा नगरपालिकाका एक दर्जनभन्दा बढी बस्ती बडहरी र रातु नदी कटानको उच्च जोखिममा छन् । धतियाटोल, रामनगर, सिद्धपुर बडहरीको र टोका, पलार, रामनगर, सिङ्ग्याही, हतिसर्वा, बखरी, कविलाशा, सग्रामपुर र मजरासहितका बस्ती रातु नदीको कटान जोखिममा छन् । जोखिमपूर्ण बस्तीलाई दीर्घकालीन रूपमा बचाउनका लागि तटबन्ध र सिँचाइ कार्यक्रमबारे प्रदेश र सङ्घीय सरकारको ध्यानाकर्षण गराइएको भङ्गाहा नगरप्रमुख सञ्जीवकुमार साह बताए । 'यस्ता योजनाका लागि प्रदेश र केन्द्र सरकारको साथ खोजिएका छौँ', उनले भने ।






# पाँच वर्षमा सबैलाई निःशुल्क स्वास्थ्य सेवा हुनेछ

**रासस**
***काठमाडौँ ।***
*नेपाली कांग्रेसका जुझारु नेता मोहनबहादुर बस्नेत हाल स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मन्त्री छन् । सिन्धुपाल्चोकबाट प्रतिनिधिसभामा पटकपटक निर्वाचित उनी विपद्मा होस् वा कुनै नागरिक अफ्ठ्यारोमा परेका बेला होस् कार्यस्थलमा रातदिन अरोरात्र खट्ने जनप्रेमी नेताका रूपमा परिचित छन् । झन्डै २२ वर्षअघि स्वास्थ्य राज्यमन्त्रीको जिम्मेवारी सम्हालेका उनी हाल स्वास्थ्यमन्त्री भएको अढाई महिनामै स्वास्थ्यका क्षेत्रमा क्रान्तिकारी काम प्रारम्भ गरेर चर्चामा छन् । दुई वर्षभित्रमा गरिब तथा विपन्न नागरिकलाई र पाँच वर्षभित्र सबैलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने महत्वाकांक्षी कार्यको घोषणा गरी कार्यान्वयनको सुरुआत गरेका छन् । मन्त्री बस्नेतसँग स्वास्थ्य क्षेत्रका यिनै विषयमा केन्द्रित रहेर गरिएको कुराकानीः*



**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वयम् स्वस्थ, चुस्त दुरुस्त एवं जनमुखी बन्ने क्रममा अहिले के गर्दैछ ? यहाँले मन्त्रालयको नेतृत्व गर्नुभएपछि भए गरेका उल्लेखनीय कार्यहरू के के छन् ?**

म यो मन्त्रालयमा आएको अढाई महिना भयो । झण्डै २२ वर्षअघि यही मन्त्रालयमा राज्यमन्त्री भएर आएको थिएँ । यस मन्त्रालयको बारेमा पूर्व जानकारी भएकाले बहाली भएकै दिन सुधारका कार्य प्रारम्भ गरेँ । मन्त्रालयको परिसर नै फोहर र अव्यस्थित देखेपछि १५ दिनभित्र सरसफाइ गरेर कालोपत्रे समेत गर्न लगाएँ । हरेक अस्पतालमा १० प्रतिशत शैय्या गरिब र विपन्नलाई निःशुल्क उपचारको सेवासहित दिनुपर्ने सम्झौतालाई व्यवहारमा कार्यान्वयन गर्न लगाएँ । सङ्घीय अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतका १६ अस्पतालमा अहिले तीन हजार ५२३ शैय्या छुट्याई उपचार सुरु भएको छ ।

यसबाहेक अस्पतालका बहिरङ्ग सेवामा अनलाइनबाट टिकटको व्यवस्था गर्न लगाएइको छ । अतिविशिष्ट र विशिष्ट व्यक्तिको स्वदेशमै उपचार गर्नका लागि वीर अस्पतालमा विशेषज्ञ चिकित्सकको टोली बनाई सुविधा सम्पन्न क्याबिनको सङ्ख्या पनि बढाएका छौँ । नागरिकको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन वीर अस्पतालमा अब बहिरङ्ग सेवा बिहान ८ बजेदेखि नै सुरु गरेका छौँ ।

औषधि पसलमा विभिन्न विकृति देखिएको बेथिति भन्ने व्यापक गुनासो आएपछि अनुगमन बढाएका छौँ । काठमाडौँ उपत्यकामा १०१ वटा औषधि पसलमा अनुगमन गर्दा एक पसलले मात्र मापदण्डको पूर्ण पालना गरेको देखियो । हामीले कार्यस्थलमै दण्ड सजाय गर्ने र पुरस्कृत गर्ने ग¥यौं । देशभरि नै हामीले यो अनुगमन सुरु गरेका छौँ । आगामी दुई वर्षमा न्यून आय भएका गरिब र विपन्न जनतालाई स्वास्थ्य सेवा निःशुल्क गराउँछौँ । पाँच वर्षभित्रमा सबै नेपालीलाई संविधानले उल्लेख गरेअनुसारको स्वास्थ्य सेवासम्बन्धी मौलिक हक कार्यान्वयन गर्ने गरी पृष्ठभूमि तयार गर्छौं ।

**आम जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य सेवालाई अझ गुणस्तरीय, जनमुखी, सर्वसुलभ र विश्वसनीय बनाउन सरकारी सेवासँगै निजी क्षेत्रलाई कसरी समेट्दै हुनुहुन्छ ?**

सबै अस्पतालमा नियमन र अनुगमन गर्ने संयन्त्र सबल बनाएका छौँ । विभिन्न अनुगमन टोली बनाएर यसलाई तीब्रता दिएका छौँ । सरकारी वा निजी सबै अस्पतालमा थिति र विधिभित्र रहेर काम गर्ने वातावरण बनाउछौँ । सबै अस्पतालमा १० प्रतिशत शैय्या निःशुल्क गर्ने अभियानका विषयमा हामीले नपुग्ने सहयोग मन्त्रालयले गर्ने भनेका छौँ । बजेटको सिलिङ घटेर आएको छ । उपलब्ध बजेट सदुपयोग गरेर आधारभूत सेवा निःशुल्क प्रदान गर्न तयार छौँ । पछिल्लो समय निजी क्षेत्रले पनि सहयोग गरेका छन् । निजी अस्पतालले गर्ने स्वास्थ्य जाँच शुल्कमा महङ्गो भयो भन्ने गुनासोका सम्बन्धमा एउटै दर हुनुपर्छ भनी परामर्श गरिरहेका छौँ । मेसिन महङ्गो किनेको छ भनेर नागरिकसँग बढी शुल्क लिन पाइँदैन । त्यस्ता अस्पताल र ल्याबमा फरक परेका दर र उपकरणका बारेमा अनुगमन गर्न थालेको छौँ ।

**मन्त्रालयको नेतृत्व गर्दै जाँदा साधन स्रोत, ऐन–कानून, केन्द्र–प्रदेशदेखि पालिका तहसम्मको सङ्गठन संरचना र कार्ययोजनामा के के चुनौती छन् र कसरी समाधान गर्नुहुन्छ ?**

मन्त्रालयले लामो समयदेखि बनाएको स्वास्थ्य रणनीति र स्वास्थ्य वित्त रणनीति बनाएको थियो । तर मन्त्रिपरिषद्बाट पारित भएको थिएन । म आएपछि दुवै रणनीति पारित भएको छ । अब हामीलाई काम गर्न सहज भएको छ । अन्य आवश्यक कानुन पनि बनाइरहेका छौँ । अर्को कुरा मन्त्रालयमा सामान खरिद प्रक्रियामा विकृति थियो । आवश्यकताभन्दा बढी सामान खरिद गर्ने, त्यसैमा रमाउने र यसमा बेथिति भयो भनेर गुनासो आइरहने थियो ।

आफ्नै अस्पतालमा चलिरहेको उपकरण पनि फाजिलमा राखेर नयाँ उपकरण खरिद गर्ने चलन रहेछ । मैले त्यसको सुइँको पाएपछि देशभर छापामार शैलीमा हेर्न लगाए । नभन्दै त्यस्तै पाइयो । त्यसपछि हामीले बैठक राखेर छानबिन गर्न लगायौँ । छानबिन प्रतिवेदनको सुझावसहित सम्बन्धित अस्पतालमा पठाइदियौँ । अब खरिद प्रक्रियामा सुधार भएको छ ।

पहुँचवाला कर्मचारीहरूले अनावश्यक रूपमा केन्द्रीय राजधानी होस्, प्रदेशका राजधानी होस् वा सुविधा सम्पन्न सहरमा काजमा बस्ने गरेको बेथिति रहेछ । दशकौंदेखि काजमा बसेका कर्मचारी मात्र ८०० थिए । कसैले नचलाउने थप्रे मात्र । म आएपछि पनि थप्र खोजियो । तर मैले मानिन । हामीले यो बेथितिलाई रोक्न काज फिर्ता गर्ने, दुर्गम गाउँमा चिकित्सक र स्वास्थ्यकर्मी पठाउने काम सुरु गरेका छौँ । सुरुमा दिनहरूमा मलाई धेरै गाह्रे भयो । मैले प्रतिनिधिसभा बैठकमै कृपया यसरी सिफारिस नगरिदिनुहोला भनेँ र मन्त्रिपरिषद् बैठकमा पनि मैले यो कुरा भनेँ । प्रधानमन्त्रीज्यूले 'गो अहेड' भन्दै तपाईले गर्नुभएको काम राम्रो छ भन्नुभयो । प्रधानमन्त्रीज्यू र अन्य नेताहरूको भनाइ र हौसलाले मलाई काम गर्न बढी अभिप्रेरित गरेको छ । अबको १५ देखि २० दिनभित्र सयौं चिकित्सक र स्वास्थ्यकर्मीलाई गाउँगाउँमा पठाइसक्छौँ ।

**नेपाल सरकारले सुरु गरेको स्वास्थ्य बिमा कार्यक्रमले लोकप्रियता प्राप्त ग¥यो तर यसको प्रक्रिया झन्झटिलो छ भन्ने सेवाग्राहीको गुनासोका सन्दर्भमा के भन्नुहुन्छ ?**

स्वास्थ्य बिमा कार्यक्रम स्वास्थ्य सेवा निःशुल्क गर्ने विषयमा महत्वपूर्ण कार्यक्रम हो । तर मैले यसमा पनि वेथिति पाए । सुरुमा एकथरि मेडिकल कलेज र अस्पतालहरूले आफूहरूलाई यो बिमा कार्यक्रम चाहिँदैन भनेर लेखेर नै दिएका रहेछ । अहिले यसमा बाहिर कराइरहेका व्यक्ति तिनै हुन् । यो बिमा सेवा कसैलाई दिंदा वा रकम समयमा तिर्दा कसैलाई दिने कसैलाई नदिने विकृति पनि रहेछ । औषधि पनि भनेको बेला कहीँ पाइने कहीँ नपाइने विकृति रहेछ । सही ढङ्गले बिमाको सुविधा नपाएपछि त्यसको प्रभावकारी रहेन । यसमा पक्षपात भएको सूचना हामीले पाएपछि यसमा पनि छानबिन गर्नुपर्ने देखेका छौँ ।

दोस्रो बिमा सेवामा पाउने सुविधा निःशुल्क आधारभूत सेवा उपलब्ध गराइदिने हो । तर बिमा सेवा पाउनेको नाममा चिकित्सकको सल्लाहमा फर्जी बिल बनाएर दुरुपयोग गरेको हामीले सुनेपछि यसमा पनि छानबिन गर्नुपर्ने देखिएको छ । कुनै संयन्त्र चाहिएला नि । हाल अर्थमन्त्रालयबाट बजेटमा निजी अस्पताललाई बिमा सुविधा नदिने व्यवस्था उल्लेख भएपछि निजी क्षेत्र उत्साहित हुने अवस्था आएन । बिमा भएका अस्पतालमा बढी बिरामी आउँदा रहेछन् । बिमा बोर्डका अधिकारीले केही हदसम्म निस्पक्ष रूपमा काम गरेको देखिएन । यसमा हामी गृहकार्य गरिरहेका छौँ ।

गलत तरिकाले बिरामीलाई दिने चिकित्सकीय सिफारिसको अनुगमन गर्ने विषयमा पनि छलफल गरिरहका छौँ । बिमाका सम्बन्धमा मेरो व्यक्तिगत धारणा त सरकारी अस्पताललाई ६० प्रतिशत र निजी अस्पताललाई ४० प्रतिशत दिने गरी जानुपर्छ भन्ने थियो । तर यही बीचमा बजेट आएपछि हामीले त्यसमा भएको व्यवस्थाको पालना गर्नै प¥यो । यसमा थिति बसालेर अघि बढ्ने हो । हामीले अब बिरामीलाई दिइने अनावश्यक चिकित्सकीय सिफारिसको पनि अडिट गर्ने व्यवस्था गर्न गृहकार्य गर्दैछौँ ।

**विभिन्न विपद्मा परी घाइते हुने बिरामीको उपचारमा मन्त्रालयले के कसरी उपचारमा सहयोग गर्छ ? र मनसुनको समयमा फैलिएको डेङ्गुलगायतका सङ्क्रमण रोग नियन्त्रण र उपचारमा मन्त्रालयले के गरिरहेको छ ?**

पहिलो कुरा त बाढी पहिरोलगायत कुनै पनि विपद्मा घाइते हुने हरेक नागरिकको हामी निःशुल्क उपचार गरिदिन्छौँ, बजेट होस् वा नहोस् उपचारको जिम्मा मैले लिन्छु । मैले जिम्मा लिएर यस्ता धेरै बिरामीको उपचार गरेको छु । त्यति मात्र होइन, द्वन्द्वका बेला घाइते भएका र शरिरमा गोली रहेका व्यक्तिसमेत उपचारका लागि आएका छन् । ती मान्छेलाई पनि हामीले व्यवस्था गरेका छौँ । अहिले मन्त्रालय निःशुल्क उपचार गर्ने सरकारी अस्पताल जस्तो भएको छ ।

डेङ्गु रोग सङ्क्रमणका सम्बन्धमा कोशी प्रदेश र सो क्षेत्रमा स्वास्थ्यकर्मी टोली औषधिसहित पठाएर भटाभट काम भइरहेको छ । हाम्रो समन्वयमा बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानले पनि मोबाइल टोली परिचालन गरी उपचार गरिरहेको छ । सङ्क्रमण बढेका स्थानमा प्रभावित क्षेत्र घोषणा गरेर स्थानीय सरकारको सहभागितामा सचेतना कार्यक्रम अभियान पनि सुरु गरेका छौँ । यसमा सरोकारवाला सबैको सहभागिता बढेको छ ।

**संविधानले स्वास्थ्य सेवालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ र यसलाई कार्यान्वयन गर्न यहाँ दृढतापूर्वक लाग्नुभएको पनि छ । मौजुदा जनशक्ति, बजेट र पूर्वाधारबाट यो सम्भव छ त ?**

यो काम सजिलो छैन्, महत्वाकांक्षी विषय पनि हो । हाल मन्त्रालयको ४० प्रतिशत बजेट कटौती भएको छ । बल्लबल्ल रु १० अर्ब ११ करोड थमायौँ । त्यसमा पनि अब २० प्रतशित अझै बाँकी छ । तर साहस र बुद्धि भयो भने थोरै साधन स्रोतले धेरै काम गर्न सकिन्छ । निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि छुट्टै बजेट थिएन । तैपनि हामीले काम गरिरहेका छौँ । जुन ठाउँमा लगानीको परिणाम आएको छैन, त्यसबाट राम्रा र अत्यावश्यक काममा बजेट लगाउँछौँ । बेथिति र चुहावट रोक्छौँ । राम्रा काममा हामीले दातृ राष्ट्र र दातृ निकायको सहयोग पनि लिन सक्छौँ ।

अर्को कुरा यसमा विशेष बजेट खोज्नु पर्दैन । सूर्तीजन्य पदार्थमा लगाइएको करबाट अहिले नै रु छ अर्ब उठ्ने गरेको छ । एउटा उदाहरण इजरायलमा सूर्तीजन्य पदार्थमा ८५ प्रतिशत कर लगाइएको छ । विश्व स्वास्थ्य सङ्गठनले नै ७५ प्रतिशत कर लगाउन भनेको छ । हामीले पनि सूर्तीजन्य पदार्थमा कर किन नबढाउने ? सूर्तीजन्य पदार्थ, धुम्रपान, मध्यपान, गुलियो पेय पदार्थ, जङ्क फुड वस्तुमा कर बढाउँदा कसैलाई आपत्ति हुँदैन । यसमा ७५ प्रतिशत कर लगाउने हो भने मन्त्रालयलाई आउने बजेटको आधा रकम त यसैबाट उठ्छ ।

स्वास्थ्यमा हितकर नभएका यी बस्तुमा बढी कर लिँदा एकातिर राजश्व बढी उठ्छ । अर्कोतिर महङ्गो भयो भने खपत कम हुन्छ र यसबाट स्वास्थ्यमा पर्ने असर पनि कम हुन्छ । यो राम्रो काम हो, यसमा म लाग्छु, सबैको साथ सहयोग पाउँछु र यो कार्यान्वयन हुन्छ भन्नेमा म आशावादी छु । बिमा सेवालाई पनि प्रभावकारी लागु गर्ने हो भने पनि यसले पनि धेरै सहयोग पुग्छ । मन्त्रालयमा जति दिन काम गर्छु, मेरो पालामा यसका लागि जग बसाल्छु ।

**तपाईँ नेपाली कांग्रेसको प्रभावशाली नेता पनि हो, हालै कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक सम्पन्न भएको छ, पार्टीले गत निर्वाचनमा जारी गरेको प्रतिबद्धता पत्रअनुसार स्वास्थ्यका कार्यक्रम कसरी लागु हुन्छन ?**

कांग्रेसको घोषणापत्रमा संविधानले उल्लेख गरेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क कार्यान्वयन गर्नुपर्छ भन्ने व्यक्ति म नै हो । म यसैमा पनि लागेको छु । मैले पार्टीको बैठकमा पनि यो निशुल्क गर्नै पर्छ, समय कति लिने हो त्यो कुरा बेग्लै हो भनेको थिएँ । मेरो चाहीँ दुई वर्षमा गरिब र विपन्नलाई तथा पाँच वर्षमा सबैलाई निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गर्नुपर्छ भन्ने दृष्टिकोण छ भनेको थिएँ । म शिक्षाको क्षेत्रमा पनि धेरै काम गरेको व्यक्ति हुँ । जिल्लामा मैले एसएलसीसम्म निःशुल्क हुनुपर्छ भनेर अभियान सुरुआत गरेको व्यक्ति हुँ । हाल १२ कक्षासम्म निःशल्क हुनुपर्छ भनेर अभियान सुरु गरी सिन्धुपाल्चोकका तीन पालिकामा यो अभियान सुरु गरिसकेका छौँ । स्वास्थ्य र शिक्षालाई सँगैसँगै लैजानुपर्छ, यसमा कांग्रेस पार्टीले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ ।


## अनलाइन पत्रिकाको कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०४/१८ गते khaptadtv.com नामक अनलाइन पत्रिका गुरू गणेश मिडिया प्रा.लि. का नामबाट प्रकाशित, प्रसारित हुँदै आएकामा कम्पनीको नाम परिवर्तन गरी गुरू गणेश नेटवर्क प्रा.लि. का नामबाट प्रकाशित, प्रसारित हुने जानकारी गराउँदछौँ ।

प्रकाशक
khaptadtv.com

# आकाशे पानीको भरमा धान उत्पादनमा ह्रास



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वर्षातको भरमा रहेका किसानले खेतमा पानी नपाउँदा यसपाली खेत बाँझै रहने चिन्ताले किसानलाई सताएको छ ।
खडेरीका कारणले मधेश प्रदेशमा धान खेती प्रभावित हुने भएको छ । अधिकांश खेत सिँचाइको अभावमा खेतहरु बाँझै छन् भने रोपाइँ भइसकेको खेतमा पनि पानीको अभावमा जमिन चिरा पर्न थालेको छ ।
मधेश प्रदेश कृषि निर्देशनालयको तथ्याङ्कमा जनाइए अनुसार साउनको दोस्रो सातासम्म यस प्रदेशमा कुल ५८ दशमलव ८१ प्रतिशत रोपाइँ भएको छ ।
मधेश प्रदेशको ८ वटै जिल्लामा रोपाइँ सम्पन्न भइसक्नुपर्ने समयमा पनि करिब ४१ प्रतिशत खेतमा रोपाइँ हुन नसकेको प्रदेश कृषि निर्देशनालयका निमित्त निर्देशक कमलदेव कुशवाहाले जनाएका छन् ।
निर्देशनालयको तथ्यांक अनुसार कमला नदीबाट सिँचित हुने क्षेत्रमा अहिलेसम्म रोपाइँ हुन सकेको छैन । कृषि मन्त्रालयको तथ्याङ्क अनुसार पछिल्लो समय सबैभन्दा बढी बोरिङ सप्तरी जिल्लामा जडान रहेको छ भने धनुषामा कमला र हर्दिनाथ सिँचाइ परियोजनाका कारण स्यालो ट्युवेल तथा डीप बोरिङ खासै जडान गरिएको छैन ।
यसकारणले गर्दा धनुषामा प्रदेशमै सबैभन्दा कम रोपाइँ भएको देखिन्छ । मधेस प्रदेशमै सबैभन्दा बढी रोपाइँ सप्तरीमा भएको तथ्यांकले देखाएको छ ।
निर्देशनालयको तथ्यांक अनुसार सप्तरीमा ८४ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ भने धनुषामा अहिलेसम्म २७ प्रतिशत मात्र रोपाइँ भएको कृषि निर्देशनालयका निमित्त निर्देशक कुशवाहाले बताए ।
त्यस्तै मधेस प्रदेशको सप्तरीपछि दोश्रो जिल्लाको रुपमा बारा जिल्लामा बढी रोपाइँ भएको देखिन्छ । उनले बारामा ७५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ भने तेस्रो स्थानमा रहेको रौतहटमा ७० प्रतिशत रोपाइँ सम्पन्न भएको बताए । त्यसैगरी महोत्तरीमा ६० प्रतिशत र पर्सामा ५५ प्रशित रोपाइँ सम्पन्न भएको छ भने सर्लाही र सिरहामा ५० प्रतिशतसम्म धान रोपाइँ हुन सकेका उनले बताए ।
प्रदेश कृषि निर्देशनालयले मधेस प्रदेशमा ५ लाख ७४ हजार ३ सय ६० हेक्टर खेतीयोग्य जग्गा रहेको छ । भने साना तथा ठूला सिँचाइका स्रोतहरु समेतलाई ध्यान दिएमा ३ लाख ५७ हजार ७ सय ९३ हेक्टर क्षेत्रफलमा मात्र सिँचाइको व्यवस्था रहेको छ । त्यस्तै कमला, हर्दिनाथ लगायत सतही सिँचाइ परियोजनाहरु खडेरीको कारण प्रयोगविहीन अवस्थामा रहेको छ । त्यस्तै धनुषा र रौतहटमा यसपाली धान उत्पादन कम हुने देखिन्छ । जबकी विगत वर्षमा भने धनुषा र रौतहटमा धान उत्पादनको अवस्था निकै राम्रो रहने गरेको थियो ।

# गौर हत्याकाण्डको छानविन माग्दै धर्ना




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाममा १६ वर्षअघि भएको गौर हत्याकाण्ड छानबिनको माग गर्दै पीडित परिवारहरु पाँच दिनदेखि चन्द्रनिगाहपुरमा धर्ना बसेका छन् । गौर हत्याकाण्ड पीडित संघर्ष समितिले आयोजना गर्दै चन्द्रपुर स्थित पूर्वपश्चिम राजमार्गको मुख्य चोकको पार्कमा धर्ना दिइएको हो । दोषीलाई कारवाहीको दायरामा नल्याएसम्ममा धर्ना र आन्दोलन जारी राख्ने संघर्ष समिति संयोजक रुपसागर देवीले जानकारी दिइन् ।
नवगठित आम जनता पार्टीले गौर घटना छानबिन र दोषीलाई कारवाहीको माग गर्दै एक साताअघि गौरमा जुलुस निकालेको थियो । यसलगत्तै कांग्रेस, जनता समाजवादी, एकीकृत समाजवादी, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले सर्वदलीयर सर्वपक्षीय संघर्ष समिति बनाएर सांसद साहविरुद्ध पाँच दिनअघि गौरमा प्रदर्शन गरेको थियो ।
गौर हत्याकाण्ड संघर्ष समितिले सांसद साहलाई तत्काल पक्राउ गरी कारबाही गर्न प्रमुख जिल्ला अधिकारीमार्फत गएको मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई ज्ञापनपत्र बुझाएका थिए । गौर घटना भएको १७ वर्षसम्म पनि दोषीलाई कारबाही नभएको भन्दै प्रभु साह नेतृत्वको आम जनता पार्टीले १ साउनमा प्रदर्शन गरेपछि ६ दलले संयुक्तरुपमा सांसद साहविरुद्ध प्रदर्शन गरेका छन् ।
०६३ चैत ७ गते गौरस्थित राइसमिल चौरमा फोरम र माओवादीबीच झडप हुँदा २७ जनाको ज्यान गएको थियो भने मृतकका परिवारले राज्यबाट ९ महिनापछि १० लाख रुपैयाँका दरले क्षतिपूर्ति पाएका थिए ।




# एक वर्षमा हजारभन्दा बढी लागुऔषध कारोवारी पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा एक वर्षमा एक हजार भन्दा बढी लागुऔषधकर्मीसहित पक्राउ परेको प्रहरीले जनाएको छ ।
प्रदेशको ८ वटै जिल्लाबाट लागूऔषधसहित १ हजार ३०४ जना पक्राउ परेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको हो ।
मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/०८० मा प्रदेशको ८ वटै जिल्लाबाट १ हजार २७० पुरुष र ३४ जना महिला पक्राउ परेको उल्लेख गरिएको छ ।
मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्तासमेत रहेका प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठका अनुसार लागूऔषध सम्बन्धित ९३७ वटा मुद्दा दर्ता हुँदा हजार भन्दा बढी अरोपितहरु पक्राउ परेका हुन् ।
प्रहरीले एक वर्षको अवधिमा गाँजा ५ क्विन्टल ६८५/९४१ ग्राम, ब्राउन सुगर ४५५ ग्राम ९७८ मिलिग्राम, चरेस १५४ केजी ८१८ ग्राम ४३७ मिलिग्राम, हिरोईन ७१४ ग्राम ८८३ मिलिग्राम बरामद गरिएको जनाइएको छ ।
त्यस्तै डाईलेक्स डिसी ५ हजार १९ लिटर, ट्याब्लेट ६७ हजार ६२३ पिस र इन्जेक्सन ६५ हजार ३५६ पिस बरामद गरिएको उनले बताए ।

# प्रेस युनियन सप्तरी अध्यक्षमा कर्ण



**मधेशदृष्टि**
**सप्तरी ।**
नेपाल प्रेस युनियन सप्तरीको अध्यक्षमा विनयकुमार लाल कर्ण निर्वाचित भएका छन् ।
सप्तरी युनियनको बुधबार सम्पन्न सातौँ अधिवेशनबाट कर्णलाई सर्वसम्मतरुपमा निर्वाचित भएका हुन् ।
न्वगठित कार्य समितिको खुल्ला उपाध्यक्षमा नवीन कुमार गुप्ता र महिला उपाध्यक्षमा ललिता साह, सचिवमा रमानन्द देव, सहसचिवमा परिस कर्ण र कोषाध्यक्षमा रामनारायण यादव सर्वसम्मतरुपमा निर्वाचित भएका छन् ।
त्यस्तै सदस्यहरुमा रञ्जित चौधरी, दिपेश जोशी, राजकुमार साह, निरज मण्डल, अरुण कुमार यादव, महेश्वर भारती र लोकेन्द्र यादव रहेका छन् ।

# युवकमाथि चक्कु प्रहार



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा एक युवक माथि चक्कु प्रहार भएको छ ।
जिल्लाको औरही गाउँपालिका वडा नम्बर २ स्थित तुलसिपुरका २२ वर्षिय धीरेन्द्र कुमार यादव घाईते भएका हुन् । क्रिकेट खेलको विषयमा विवाद हुँदा मंगलबार राति करिब ८ बजे करिब सात जनाको समुहले धीरेन्द्र माथि चक्कु प्रहार गरेको थियो । चक्कु आँखा नजिकै प्रहार गरिएको र टाउँकोमा लाठीले हानेकाले उनी घाईते भएको जनाइएको छ ।
घाइते धीरेन्द्रको उपचार अहिले सिरहास्थित प्रादेशिक अस्पतालमा भइरहेको छ ।

# पोलमा बाँधेर कुटपिट गरेको आरोपमा पक्राउ



**मधेशदृष्टि**
**रौतहट ।**
पोलमा बाँधेर मान्छे कुटेको आरोपमा एक जना युवकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा ३८ वर्षीय साजिद अन्सारी रहेको रौतहट प्रहरीले जनाएको हो ।
प्रहरी नायब उपरीक्षक उमाशंकर प्रसाद यादवले गत साउन १४ गते गौर नगरपालिका–३ पोखरिया टोल स्थित मस्जिद छेउवामा एक जना मानिसलाई अन्सारीले पोलमा बाँधेर कुटपिट गरेकाले पक्राउ गरिएको जानकारी दिए ।
कुटपिटको भिडियो सामाजिक सञ्जाललगायतमा निकै भाइरल भएपछि कुटपिट गर्नेको खोजी गरी पक्राउ गरेर कारवाही प्रक्रिया अघि बढाइएको उनले बताए ।
उनका अनुसार आरोपित अन्सारीलाई म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

# फरार अभियुक्त १३ बर्ष पछि पक्राउ




**मधेशदृष्टि**
**सर्लाही ।**
करिब एक दशक भन्दा लामो समयपछि फरार रहेका एक अभियुक्तलाई प्रहरीले पक्राउ गर्न सफल भएका छन् ।
जवरजस्ती करणीको मुद्धामा १३ वर्षपछि उदय कुमार कुम्हारलाई सर्लाही प्रहरीले पक्राउ गरेको हो ।
जिल्लाको बरहथवा नगरपालिका वडा नम्बर ७ बस्ने अभियुक्त उदय कुमार कुम्हारलाई सर्लाही प्रहरीले पक्राउ गरेको छ ।
अभियुक्त कुम्हार २ जेठ २०६६ मा बालिका माथि करणी गरी फरार भएका थिए । पीडितको तर्फबाट परेको जाहेरीको आधारमा सर्लाही जिल्ला अदालतले ३१ ऋसार २०६९ मा कुम्हार बिरुद्ध ५० हजार जरीवाना र १२ बर्ष कैद फैसला गरेको थियो ।
यस घटना लगत्तै फरार रहेका उनलाई गाउँघरमै लुकिछिपी बसिरहेको अवस्थामा पक्राउ गरिएको सर्लाही प्रहरीका प्रहरी नायब उपरीक्षक दिपेन्द्र कुमार पँजियारले जनाएका छन् ।
प्रहरीले पक्राउ गरेपछि अदालतमा पेस गरेको उनलाई फैसला कार्यान्वयनका लागि सिन्धुली कारागार पठाइएको जनाइएको छ ।

# लागुऔषध गाँजा बरामद



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीमा भारी मात्रामा लागुऔषध गाँजा बरामद गरिएको छ ।
महोत्तरीको औरही नगरपालिका वडा नम्बर २ स्थित फुलवरिया गाउँबाट चेपकट गाउँ जाने कृषि सडक छेउमा रहेको उखु खेतमा बेवारिस अवस्थामा तीन वटा गाँजाको पोका बरामद गरिएको प्रहरीले जनाएको छ ।
औरही नगरपालिका वडा नम्बर २ स्थित फुलवरिया बस्ने श्याम श्रेष्ठले लगाएको उखु खेतमा गाँजाको पोका लुकाई छिपाई राखेको खेतमा उखु गोडमेल गर्ने क्रममा कामदारलाई शंकाष्पद वस्तु लागेपछि ईलाका प्रहरी कार्यालय गौशालामा जानकारी गराएका थिए ।
त्यसपछि प्रहरी चौकी औरहीबाट प्रहरी सहायक निरीक्षक रामप्रवेश महतोको कमाण्डमा खटिएको टोलीले गाँजाको पोका रहेको गाँजा बरामद गरिएको बताइएको छ ।
प्रहरीले सुचना पाए लगत्तै घटनास्थलमा पुगेका प्रहरीले तीन वटा पोका पारेको गाँजाको पैकेटमा कोड गरिएको तीन वटा पोकामा करिब ६० किलो गाँजा बेरिवासे अवस्थामा फेला परेको जनाइएको छ ।
गाँजाको मुल्य भने करिब ५ लाख रुपैयाँ बराबरको हुनसक्ने ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले बताए ।

# जीतपुरसिमरामा सहकारी सञ्चालकमाथि कडाइ




**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरामा सहकारी सञ्चालकमाथि कडाइ गर्ने भएको छ । सरकारी सेवा सुविधा लिएर सहकारीको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदाधिकारी भएमा राजिनामा बुझाउनु पर्ने नीति अख्तियार गरेको छ ।
जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालयले नगरभित्रका सबै सहकारीलाई परिपत्र गर्दै नगर सहकारी समन्वय समितिको साउन १५ गते बसेको बैठकको निर्णय बारे जानकारी गराएको हो ।
सहकारी संस्थाहरुमा सुशासन प्रवद्र्धन गर्न सहकारी नियमावली २०७५ को नियम ८१ तथा सहकारी विभागको ३५ बुँदे निर्देशन बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको समितिले सहकारी संघरसंस्थाको दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्ष रुपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेका निकायमा कार्यरत राष्ट्रसेवक ९राज्यकोषबाट पारिश्रमिक पाउने गरि नियुक्ति भई जुनसुकै हैसियतमा काम गर्ने व्यक्ति० सहकारी संघरसंस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनित हुन सक्ने छैन भनि निर्णय गरेको पत्रमा उल्लेख गरिएको छ ।
यस उपमहानगरपालिकाले सहकारी संघसंस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिमा बहाल रहेको भएमा तत्काल राजिनामा दिई रिक्त पदमा आगामी दिनमा हुने साधारणसभाबाट उपनिर्वाचनबाट पदपूर्ति गर्ने व्यवस्था मिलाउनका लागि अनुरोध गरिएको छ ।
यस कार्यालयको निर्णयानुसार सहकारी संघ र संस्थाहरु निर्देशन पालना नगरेमा सहकारी ऐनको दफा १२५ ९२० बमोजिम जरिवाना असुल उपर गरिने तथा उक्त पदाधिकारीहरुको यस कार्यालयबाट पाउने पारिश्रमिक, सेवा सुविधा समेत रोक्का गर्ने अधिकृत छैठौँ अधिक सुधन चौधरीद्वारा लिखित पत्रमा जनाइएको छ ।

**म यो संसारका लागि के हुँ, म जान्दिनँ तर, मेरो नजरमा म समुन्द्रको किनारमा चिल्लो पत्थर र सीप खोज्न व्यस्त बच्चासमान हुँ । जबकि मेरो अगाडि सत्यको अबुझ अथाह सागर फैलिएको छ ।**

–न्युटन

## सम्पादकीय

# मन्त्रीको संख्या होइन प्रदेशको विकासमा योगदान थप सरकार

मधेश प्रदेश सरकार गठन भएको छ वर्ष पुरा हुन केही महिना बाँकी छ । प्रदेश सरकारको प्रारम्भिक संरचना अनुसार एक कार्यकालका लागि मुख्यमन्त्री समेत सात जनाको मन्त्रिमण्डल रहने व्यवस्था थियो र छ । राजनीतिक समिकरण मिलाउन एवं सत्ता टिकाउनकै लागि मन्त्रालय फुटाउने लहर प्रदेश सरकारमा चल्यो । यस्तो गर्दा सरकारको आयु त लम्ब्याउन सकिएला तर यसले जनतामा सरकारप्रति उत्पन्न भइरहेको वितृष्णावारे न सरकार न राजनीतिक दलहरुले आंकलन गरिरहेका छन् । संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारका लागि तोकिएको संख्याको ठ्याक्कै दोब्बर पुगिसक्यो मन्त्रीहरुको संख्या । सरोज कुमार यादव नेतृत्वको मधेश प्रदेश सरकारमा १४ जना मन्त्री छन् ।

आज नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको पहिचान पाएको छ । मुलुकमा संघीयता ल्याउने श्रेय यसै प्रदेश (मधेश) लाई जान्छ । मधेश जनविद्रोहको परिणाम स्वरुप आएको संघीय व्यवस्थालाई यस अर्थमा पनि सफल र परिणाममुखि बनाउन मधेश प्रदेश सरकारको टाउकोमा जिम्मेवारी छ । संघीय व्यवस्था र प्रादेशिक संरचनाको अभ्यास सफल भयो भने मधेशले यश पाउनेछ, असफल भए बदनामी । त्यसैले पनि यो सरकारले संघीय व्यवस्थालाई सफल बनाउन दिनरात खट्नुपर्ने हो, इमान्दारीका साथ काम गर्नुपर्ने हो । मन्त्रीहरुलाई क्षणिक स्वार्थमा लाग्न नदिन नेतृत्वले खबरदारी गर्नुपर्ने हो । नागरिकको हितमा समर्पित हुनुपर्ने हो ।

मोहम्मद लालबाबु राउत नेतृत्वको सरकारले 'बेटी पढाउ बेटी बचाउ' अभियान लिएर ल्याउँदा देश विदेशमा चर्चा पायो । तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरेको उक्त कार्यक्रमले अन्य प्रदेशहरुमा पनि सकारात्मक सन्देश दिएको थियो । तर, राउतकै कार्यकालमा 'साईकल काण्ड' हुनपुग्यो । उक्त काण्ड साईकल खरिद प्रक्रिया र आर्थिक अनियमितता गरे÷नगरेको विषयमा मात्र सिमित रहेन अभियान नै प्रभावित हुन पुग्यो । प्रदेश सरकारले खरिद गरेका साईकलहरु अहिले पनि खिया लागेर गोदामघरमै नासिँदै छ । वर्तमान सरकारले न त्यो साईकल छात्रालाई वितरण गर्न सकिरहेको छ न उचित व्यवस्थापन ।

मुख्यमन्त्री स्वच्छता अभियान पनि त्यस्तै भयो । करोडौं रुपैयाँ लगानी गरेर पोखरी संरक्षण तथा सम्बद्र्धन कार्यक्रम उक्त अभियान अन्तर्गत सञ्चालन गरिएको थियो । कार्यक्रममा छनौट भएपछि ठूलो रकम खर्च भएर पनि धेरै पोखरी अहिले पनि अलपत्र अवस्थामा परेका छन् । मुख्यमन्त्री बेटी बचाउ बेटी पढाउ तथा मुख्यमन्त्री स्वच्छता अभियानहरुको स्वामित्व वर्तमान सरकारले ग्रहण गर्यो कि गरेन ? गर्यो भने वर्तमान सरकारको कार्यक्रम के ? गरेन भने किन गरेन ? यी विषयहरुको वारेमा प्रष्ट विचार आउनु पर्ने हो नि !

यति मात्र होइन । मधेश प्रदेश सरकारमा प्रमुख रुपले जनता समाजवादी पार्टी, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीको उपस्थिति रहेको छ । यी पार्टीहरुको राजनीतिक आधार क्षेत्र भनेको मधेश प्रदेश नै हो । यस प्रदेशको नमूना विकासमा अहिलेको सरकारले काम गर्न सकेन भने यी पार्टीहरुको भविष्य पनि राम्रो नरहन सक्छ । यस अर्थमा पनि मन्त्रीको संख्या थपिरहन भन्दा प्रत्येक महिना र प्रत्येक वर्षमा प्रदेश सरकारले गरेको सकारात्मक काम र पहलवारे जनतालाई जानकारी दिनु आवश्यक छ । मन्त्रीको संख्या थप्न होइन, नमूना प्रदेश निर्माणका लागि योगदान थप्ने प्रतिस्पर्धामा अग्रसर होउ सरकार !

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# वर्तमान शिक्षा र खोजिएको शिक्षा ऐन, नियमावली



मदनकुमार महरा

नेपाली शिक्षाक्षेत्रमा परिवर्तनका साथै गुणस्तरीय सीपयुक्त दक्ष जनशक्ति उत्पादनमा समग्र नेपाल सरकार र दातृ निकायका संयन्त्र आआफ्नो निकायबाट लागेर भए पनि उपलब्धी भन्ने त्यसअनुसारको आइरहेको छैन । गुणस्तरीय शिक्षा प्रदान गर्न र दक्ष सीपयुक्त जनशक्ति उत्पादन गर्न समयसमयमा विज्ञ समूह गठन गरी पनि विभिन्न किसिमका शैक्षिक संरचना निर्माण गर्ने भत्काउने गरिएको छ तर पनि शिक्षामा सुधार भने हुनसकेको पाइएको छैन ।

समय अन्तरालमा वैदेशिक सहयोग आउने देशबाट पनि आआफ्नै किसिमका रणनीतिसहितको कार्ययोजना नेपाल सरकार र शिक्षानीतिमा थुपार्ने गरेको पाइन्छ । तथापि शिक्षामा सुधारको मनोसामाजिक प्रभाव परेको देखिँदैन । नेपाल सरकारले पनि समयसमयमा सामुदायिक सरकारी विद्यालयको शैक्षिक गुणस्तरको तुलनामा संस्थागत विद्यालयले दिने गरेको शैक्षिक गुणस्तरको कुरा गरेर सामुदायिक विद्यालयको शैक्षिक अवस्था सुधार हुन्छ भन्ने मनोविज्ञान पनि फेल खाएको देखिन्छ ।

शिक्षा ऐन २०२८ अहिलेसम्म पुरानो नहुनु र त्यस ऐनले निर्देशित गरेको नियमावली २०५९ पनि संशोधनमा केही अंश संशोधित गरी शिक्षा सुधारको कुरा माथिल्लो निकायले परिकल्पना गर्नु व्यर्थ हो । झन समयसमयमा शिक्षाक्षेत्रका जानकारबाट कार्यविधि, निर्देशिका र शिक्षामा सुधार हुने मनसायले विभिन्न नाम दिएर ऐन, नियमावली बनाई सामुदायिक सरकारी विद्यालयलाई सुधार गर्न निर्देशित गर्नु र त्यसको अपेक्षाअनुसारको प्रतिफल पाउन नसकिनुको आसय पत्ता लगाउनतिर सम्बन्धित सरोकारवाला नलागी गुणस्तरीय र सीपमय जनशक्ति उत्पादनका लागि आफैँमा बल्झिने र रोजगार सृजना गर्ने अभिप्रायले सिटिइभिटी, प्राविधिक धार, छोटो समयका तालिम, लामो समयका तालिम, उद्यमशीलतासम्बन्धी कार्यक्रम नै बनाएर गुणस्तरीय सीपयुक्त रोजगार जनशक्ति उत्पादन गर्छु भन्ने दृढसंकल्प पनि बेरोजार उत्पादन र वैदेशिक रोजगारमा जाने जनशक्ति नघट्नुको कारण, औचित्य र सन्दर्भतिर नलाग्नाले भएको हो ।

नेपालको हरेक क्षेत्रमा त्यही क्षेत्रको चेन अफ कमाण्ड रहेको हुन्छ । जसले गर्दा ती सेवा वा क्षेत्र राम्ररी सञ्चालन भइरहेको हुन्छ । जस्तै, नेपाल प्रहरीः प्रहरी जवान–प्रहरी सहायक हबल्दार–प्रहरी हबल्दार–प्रहरी वरिष्ठ हबल्दार–प्रहरी सहायक निरीक्षक–प्रहरी नायव निरीक्षक –प्रहरी वरिष्ठ नायव निरीक्षक–प्रहरी निरीक्षक–प्रहरी नायव उपरीक्षक–प्रहरी उपरीक्षक–प्रहरी वरिष्ठ उपरीक्षक–प्रहरी नायव महानिरीक्षक–प्रहरी अतिरिक्त महानिरीक्षक –प्रहरी महानिरीक्षक, निजामती सेवामा पदसोपानः श्रेणीविहीन–खरिदार–नायव सुब्बा–शाखा अधिकृत–उपसचिव–सहसचिव–सचिव–मुख्य सचिव, स्वास्थ्य सेवाको पदः सहायक पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैँठौँ, सातौँ, आठौँ, नवौँ, दशौँ, एघारौँ, बाह्रौँसम्म हुनु त्यस्तै कानुन सेवा, नेपाली सेना, सशस्त्र बल, वन, कृषिलगायत अन्य सेवामा आफ्नै संयन्त्र हुनु त्यस सबैको पदपूर्ति लोकसेवाबाट भई सिफारिस भएपश्चात आफ्नो कार्य क्षेत्रमा सेवा प्रवेश तालिमपश्चात प्रवेश हुनुले उनीहरुको कार्यक्षमता स्वाभाविक रुपमा राम्रो हुन्छ ।

सबै क्षेत्रमा भएजस्तो चेन अफ कमाण्ड त्यही क्षेत्रबाट हायर भएका उपल्लो तह÷पदमा भएकोबाट भएपछि उनीहरुको अपनत्व बढ्ने नै गर्छ र त्यस ठाउँमा पुग्ने जमर्को गर्ने गर्छ । तर शिक्षा क्षेत्रमा जो मुख्य अभिभारा लिएको जनशक्तिको पदपूर्ति शिक्षक सेवा आयोगले लिई सिफारिस अर्को समूहलाई सुम्पिने गर्छ, जसमा अधिकांशलाई त्यो क्षेत्रको रुट नै थाहा हुँदैन । अर्कै समूहले बनाइदिएको अधूरा र पुराना काम नलाग्ने ऐन, नियमावली, कार्यविधि, निर्देशन, निर्देशिकाअनुसार कार्य गर्न निर्देशित गर्दछ । अर्कै समूहले निर्धारण गरेको तह ÷श्रेणीमा आफनो सम्पूर्ण सेवा अवधि पूरा गर्नुपर्छ । झन समुदायमा सुम्पिने अधिकारहरुले कार्य गर्ने वातावरण समेतमा राजनीतिक हस्तक्षेप गर्ने किसिमको नियमावली निर्माण गर्ने गरेको छ ।

हरेक क्षेत्र, सेवाको कर्मचारी देशमा संघीयता आएपछि आफ्नो छुट्टै अनुभूति लिइरहेको अवस्थामा शिक्षक सेवा आयोगबाट सिफारिस भई शिक्षण पेशा अंगालेकाले राम्रो के पाउनु उनीहरुले न संघमा, न प्रदेशमा न कि स्थानीयमा नै यसरी अहिलेसम्म अन्योलमै रहन बाध्य तुल्याएको छ ।

शिक्षाक्षेत्रमा मनोबलका साथ गुणस्तरीय शिक्षा, सीपमूलक जनशक्ति र स्वरोजगारी सृजना गर्ने जनशक्ति उत्पादन गर्नु छ भन्ने सरोकारवालालाई निम्न कुरामा ध्यान दिनुपर्छः

क. शिक्षक सेवा आयोग विघटन गरी शिक्षा सेवा आयोग बनाउनुपर्छ,

ख. पदपूर्ति लोक सेवाबाट नै गर्नुपर्छ,

ग. तह र श्रेणीको अनुपात अरु सेवाजस्तै निर्धारण गरी आन्तरिक प्रतिस्पर्धाबाट चेन अफ कमाण्ड दिने तह सम्म पदपूर्ति गर्नुपर्छ,

घ. प्राथमिक शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट प्रास, निमाशिको आन्तरिक प्रतिस्पर्धाबाट विनि र माशिको आन्तरिक प्रतिस्पर्धाबाट उपसचिव र सोभन्दा माथिल्लो पद÷तहको विज्ञापन प्रक्रिया अपनाउनु पर्छ,

ङ. शिक्षक एकै किसिमको निर्माण गरी आवधिक सरुवाको व्यस्था ऐन, नियमावलीमै राखी कार्यान्वयन गर्नुपर्छ,

च. प्रअको खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरी सेवा सुविधासहित सम्पन्न गरी आवधिक सरुवा हुनुपर्छ,

छ. सञ्चालक समितिको कारणले हुने विद्यालयमा राजनीतिक हस्तक्षेपबाट मुक्त गर्न सञ्चालक समितिको व्यवस्था हटाउनुपर्छ,

ज. सुविधासम्पन्न विद्यालय निर्माण गर्नुपर्छ,

झ. दरबन्दी विद्यार्थीको अनुपातमा सृजना गरी पदपूर्ति गर्नुपर्छ,

ञ. संघीयतामा गइसकेकाले स्पष्ट उल्लेखसहितको अपनत्व बोध गराउने कुरा ऐनबाटै हुनुपर्छ,

ट. आर्थिक पारदर्शिताको संयन्त्र खडा गरी पारदर्शितामा जोड दिनुपर्छ,

ठ. आवधिक तालिम सञ्चालन व्यवस्थापन हुनु पर्छ,

ड. विज्ञ निर्माणका लागि अनुसन्धानात्मक स्वदेशी÷विदेशी भ्रमण र अध्ययनको व्यवस्था सरकारले सम्पूर्ण खर्च व्यहोर्ने गरी ऐनमै उल्लेख गर्नुपर्छ,

ढ. अन्य सेवा जस्तै अस्पताल, सन्ततिका लागि छात्रवृत्ति सुविधाको ऐनमै ग्यारेन्टी गर्नुपर्छ,

ण. सम्पूर्ण कार्यालय व्यवस्थापन गर्ने विद्यालयको आकार र विद्यार्थी संख्याको आधारमा कार्यालय सहयोगी, प्रशासनको कर्मचारी र लेखा हेर्ने कर्मचारीको दरबन्दी सृजना गरी पदपूर्ति गर्नुपर्छ,

त. प्रतिस्पर्धात्मक वातावरण निर्माणका लागि ऐनमै दण्ड र पुरस्कार व्यवस्था गर्नु पर्छ,

थ. प्राविधिक धार, स्वरोजगार सृजना गर्ने कार्यक्रमलाई बिक्रे र टिक्रे उत्पादनको लागि आवश्यक अध्ययन गरी थप ऊर्जावान बनाउनु पर्छ,

सङ्घीयता लागु भएपछिको शिक्षा ऐन संसद भवनमा छलफलका लागि जाने तरखरमा रहेका बेला माथिल्लो कुरा ऐनमा नै उल्लेख गरी नियमावलीसमेत निर्देश गरी शिक्षाको जगलाई अनियन्त्रि हुनबाट सरोकारवालाहरुले बचाउन सकिन्छ ।

अन्त्यमा, शिक्षकले काम गर्ने वातावरणको खोजीमा रहेको, आफ्नो अस्तित्व खोजिरहेको, पेशाको मर्यादा राख्न हरदम तत्पर रहेकाले सरकारबाट सम्बोधनको अपेक्षा खोजिरहेको छ ।

(प्रधानाध्यापक, रामजानकी माध्यमिक विद्यालय झिटकहिया,धनुषा)

# को बोल्यो किसानका पक्षमा ?



शशीकान्त मण्डल

यो बडो भावुक दृश्य हो । असार महिना धान रोपनी गर्ने समय हो । असार महिना आउनेबित्तिकै किसानलाइ दशैं आएको जस्तो महसुस हुन्छ । किनकी असार महिनामा अधिक मात्रामा पानी पर्छ । त्यो बर्खाको पानीले खेतलाई रोपाइँयोग्य बनाइदिन्छ । यस्तो भएको देख्दा किसान मनैदेखि अत्ति प्रशन्न हुन्छन् । तर त्यही वर्षा भएन भने खेत रोपनी गर्ने काम पटक्कै हुँदैन । रोपनी गर्ने समयमा वर्षा भएन भने किसान असाध्यै दुःखी हुन्छन् र किसानको मन रुन्छ । कतिपय किसानले आत्महत्यासम्म गर्छन् । किनकी किसानको जीविका निर्वाह गर्ने मुख्य स्रोत नै खेती हो । किसानको आयस्रोत त्यति धेरै हुँदैन कि उसले खेती पैसा खर्च गरेर गर्न सकोस् ।

त्यसैले विनावर्षाको पानीले खेती सम्भव हुँदैन । अहिलेको अवस्थामा पानी नपरेर धनुषालगायत तराई मधेशका अधिकांश ठाउँमा सुक्खा परेको अवस्था छ । देशले संघीयता ग्रहण गरिसकेको छ । स्थानीय, प्रदेश र संघीय सरकार गरी तीन तहका सरकार छन् । यो तीन तहको सरकार जनताको समस्या सरकारद्वारा चाँडै समाधान होस् र जनतालाई सुविधा होस् भनेर सरकारलाई तीन तहमा विभाजन गरियो । तराई मधेशका किसानको पानीको समस्या देख्दादेख्दै पनि स्थानीय सरकारदेखि संघीय सरकार पनि कानमा तेल हालेर बसिरहेका छन् । यसैगरी, खेती गर्न किसानले पानीको समस्या भोग्नुपर्यो भने देशमा खेती हुँदैन र भोकमरी छिर्छ । त्यसैले, तीनै तहका सरकारसँग अनुरोध गर्दछु कि वर्तमान समयमा किसानको समस्यालाई पहिलो प्राथमिकता दिनुहोस् । तराई मधेशका सुक्खा परेका स्थानलाई सुक्खा क्षेत्र घोषित गरी किसानलाई खेती गर्न चाहिने सुविधा र स्रोतसाधन प्रदान गरियोस् । साथै, किसानलाई सजिलो तरिकाले विभिन्न कृषि सामग्री र आर्थिक स्रोत पनि सहज तरिकाले उपलब्ध गराउने व्यवस्था मिलाइयोस् ।

मधेश प्रदेशको धनुषामा पर्ने कमला नगरपालिका, सहिदनगर नगरपालिका, जनकनन्दिनी गाउँपालिका, विदेह नगरपालिकालगायतका क्षेत्र कमला नदीको छेउमै भए पनि सिँचाईको सुविधा नभएर पानीको हाहाकार मचिरहेको छ । यो हाहाकार मच्चिनुका कारण त्यहाँका स्थानीय सरकार र प्रदेश सरकार हो । आम जनताको नजिकमा र पहुँचमा स्थानीय सरकार हुन्छन् । त्यसैले आमजनताको समस्या समाधानका लागि स्थानीय सरकारले नै पहल गर्नुपर्दछ । स्थानीय सरकारको कार्यक्षेत्रभित्र पर्ने केही कार्य स्थानीय सरकारले आफैँ पनि गर्नुपर्दछ । तर, अहिले अवस्था हेर्दा स्थानीय सरकारदेखि संघीय सरकार पनि किसानको पानीको समस्याका लागि आँखा नै बन्द गरेर बसेको देखिन्छ । कृषिप्रधान देश भनिने नेपालमा कृषिक्षेत्रलाई नै प्राथमिकता नदिएको देखेर साह्रै नै दुःख लाग्छ । तराईलाई नेपालको अन्नको भण्डार भनिन्छ । तर, अहिले त्यही तराईमा सुक्खा परिरहेको छ । किसान खेती गर्न नपाएर पिरोलिएका छन् ।

चुनावका बेला नेताहरुले त्यही किसानको घरमा भोट माग्न जाँदा चुनाव जितेपछि कृषिलाई पहिलो प्राथमिकतामा राख्ने वाचा गरेको हुन्छन् । तर, चुनाव जितेपछि त्यही किसानलाइ जनतामा गन्दै नगनेको महसुस हुन्छ । नेपाली समाजलाई नियालेर हर्ने हो भने सबैभन्दा भरपर्दो पेशा कृषिलाई मान्न सकिन्छ । धेरै नेपालीको जीवीकोपार्जनको बलियो आधार कृषि नै हो । कृषि नै समाजको सबैभन्दा पुरानो र भरपर्दो पेशा पनि हो ।

मानवसभ्यताको विकासक्रमसँगै परम्परागतरुपमा खेतीपातीको सुरुवात भएको पाइन्छ । जीवन निर्वाह तथा जीवन सञ्चालनका निम्ति कृषि नभई नहुने कुरा हो । कृषि पेशा विश्वका अधिकांश मुलुकले अपनाएको पेशा हो ।

कतिपय मुलुकले आधुनिकीकरणमा रुपान्तरण गरिसकेका छन् भने कतिपय अझै पनि परम्परागत तथा जीवन निर्वाहमुखी कृषिमै छन् । नेपाल कृषिमा आधुनिकतातपÞr्m बढिरहे पनि अझै पनि नेपालको अधिकांश क्षेत्रको त परम्परागत कृषि प्रणाली तथा जीवन निर्वाहमुखी रूपमै अगाडि बढिरहेको छ । कृषि नेपालको लागि मुख्य पेसा भए पनि यतिबेला वार्षिकरूपमा खाद्यान्न आयात गर्नुपर्ने अवस्थामा पुगिसकेका छौँ । नेपालमा उत्पादन हुने प्रमुख खाद्यबाली जस्तै धान, मकै, कोदो, गहुँलगायतका अन्नसमेत विदेशबाट आयात हुनथालेको छ । यसले हाम्रो कृषिको दयनीय अवस्थालाई संकेत गर्दछ र चालू आर्थिक वर्षको १० महिनामा ३१ अर्ब रुपैयाँ बराबरको धान तथा चामल, मकै, कोदो, गहुँ, फापरलगायतका खाद्यसामग्री आयात भएको छ । जुन तथ्यगत कृषिगणनाले पनि स्पष्ट पार्दछ । २०६८ सालको कृषि गणनाअनुसार करिब ३८ लाख घरपरिवारले कृषिलाई प्रमुख पेशाका रूपमा अपनाएको पाइएको छ । नेपालमा झन्डै ७०% को हाराहारीमा जनसंख्या कृषि पेशामा आस्रित छन् । तर, नेपालमा ७ प्रतिशत किसानसँग आफ्नै भूमि छैन । कतिपय किसान जमिन्दार तथा भूमिपतिकोमा न्युनतम ज्यालामै काम गर्न बाध्य छन् । विडम्बना यति हुँदाहुँदै पनि नेपाल कृषिवस्तुका लागि छिमेकी मुलुकमा भर पर्नु परेको छ । समथर तराई कृषिका लागि एकदमै उपयुक्त ठाउँ हो । तराईको जग्गा धेरै नै उर्वर र समथर छ । अहिले तराईलगायत देशका अधिकांश ठाउँमा धान रोपनी गर्ने समय हो । तर वर्षा नभएर धान रोपनी हुनपाएको छैन । तराई मधेशमा त्यतिकै पनि उच्च तापमान हुन्छ । अनि अहिले पानी नपरेर मधेशका अधिकांश ठाउँमा सुक्खा परिरहेको छ । खेतमा पानी नपरेर चिरा परिरहेको छ । धान बाली नाश भइरहेको छ । त्यसको पीरले किसान तनावमा छन् । यो अवस्था किसानका लागि असहनीय छ ।

यस्तो अवस्थामा हाम्रो देशको तीनै तहका सरकारले किसानलाइ सुविधा एवम् सहुलियत प्रदान गरेर मल्हम लगाइदिनुपर्छ । जितेर गएका जनप्रतिनिधिले आफ्नो क्षेत्रका किसानका पीर मर्का बुझ्न पनि त्यति नै जरुरी छ । जनप्रतिनिधिहरुले आफ्नो क्षेत्रका किसानका लागि संसदमा आवाज उठाइदिनुपर्छ । सांसदहरुले किसानको जीविका चलाउने एक मात्र माध्यम रहेको खेतीलाई बुझ्दै उनीहरुको समस्या समाधान गराउनेतर्फ लाग्नुपर्छ । तर कुनै पनि जनप्रतिनिधि किसानको समस्या समाधान गर्न लागेको देखिँदैन । सबै आआफ्नो स्वार्थ पूरा गर्ने तर्फ लागेका छन् । किसान बाचून् या मरुन्, उनीहरुको चासो देखिएको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभ्रुा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्रु : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# नापतौलमा ठगी गर्ने १९ हजार व्यापारी कारबाहीमा




**रासस**
**काठमाडौँ ।**
नेपाल गुणस्तर तथा नापतौल विभागले देशभर अनियमित नापतौल तथा नाप्ने तौलने यन्त्र प्रयोग गरी ठगी गर्ने १९ हजार १४ व्यापारीलाई कारबाही गरेको छ । विभागले आर्थिक वर्ष २०७९÷८० को अवधिमा ठगी गरेको आरोपमा उनीहरूलाई कारबाही गरेको हो ।

विभागका महानिर्देशक दिनानाथ मिश्रका अनुसार पछिल्लो समय नापतौल यन्त्रमार्फत उपभोक्ता ठगी गर्ने क्रम बढेकाले विभागले विशेष निगरानी बढाइएको छ । 'अनुगमनका क्रममा कतिपय व्यापारीले यन्त्रको दर्ता नगराएको र दर्ता गरेका व्यापारीले पनि नवीकरण नगरेको पाइएको छ,' महानिर्देशक मिश्रले भने । विभागले समयमा अनुमतिपत्र नलिएका, जाँच नगराएका, नामसारी नगराएका र नापतौलमा घटिबढी गरेका व्यापारीलाई कारबाही गरेको हो ।

सबैभन्दा धेरै काठमाडौँ कार्यालयले कारबाही गरेको छ । काठमाडौँ कार्यालयले काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, धादिङ, नुवाकोट र रसुवामा नापतौलको अनुगमन तथा गल्ती गर्नेलाई कारबाही गर्दै आएको छ । गत आवमा काठमाडौँमा मात्र ११ हजार चार सय ९१ व्यापारी कारबाहीमा परेका छन् । यस्तै, पोखरामा दुई हजार एक सय ८९, बुटवलमा एक हजार दुई सय ४४, नेपालगञ्जमा एक हजार चार सय ७९, सुर्खेतमा पाँच सय एक तथा धनगढीमा एक हजार २६ व्यापारी कारबाहीमा परेका छन् ।यस्तै, सिलगढीमा दुई सय दुई, वीरगंजमा एक हजार चार सय ३६, जनकपुरमा सात सय २५, विराटनगरमा दुई हजार चार सय ६ र झापामा एक हजार तीन सय ३४ व्यापारी कारबाही गरिएको विभागका प्रवक्ता ज्योति जोशी भट्टले जानकारी बताए । गुणस्तर र नापतौलका नाममा उपभोक्तालाई ठगी गर्ने जोकोहीलाई पनि कारबाहीको दायरामा ल्याइने उनी बताउँछन् ।

'जानीजानी सेवाग्राहीलाई ठगी गर्ने क्रम बढेकाले कारबाही तीव्र पारेका छौँ,' प्रवक्ता भट्ट भन्छन् । नियतवश आम उपभोक्तालाई ठगी गर्ने जोकोहीलाई पनि कारबाहीको दायरामा ल्याइने उनको भनाइ छ । विभागले देशभर नापतौलका लागि नयाँ इजाजत तथा प्रमाणपत्र दिने, इजाजत नलिएका व्यापारीलाई कारबाही गर्ने, व्याक्सीको जाँच गर्नेलगायतका कामबाट रु सात करोड १६ लाख राजस्व सङ्कलन गरेको छ ।

# उत्पादनभन्दा व्यापारमा सक्रिय



**रासस**
**घोराही ।**
दाङमा १३ हजार दुई सय ९४ परिवार कृषिबाहेक व्यापार–व्यवसायमा सक्रिय रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कअनुसार घरेलु उद्योगमा १७ दशमलव ९, व्यापारमा ५२, यातायात क्षेत्रमा ८ दशमलव ७, सेवा क्षेत्रमा ९दशमलव ६ र अन्य क्षेत्रमा ११ दशमलव ८ प्रतिशत सक्रिय छन् । तथ्याङ्कले उत्पादनभन्दा पनि व्यापारमा सक्रिय हुने सङ्ख्या बढी रहेको देखाएको छ । यसबाट जिल्लामा उत्पादनको अवस्था कमजोर देखाएको छ । उद्योग तथा उत्पादन क्षेत्र कम हुँदा जिल्ला आत्मनिर्भर हुन सकेको छैन । सहरी क्षेत्रका पालिकाहरूमा बढी र ग्रामीण क्षेत्रका पालिकामा कम परिवारले व्यवसाय गर्ने गरेको जनगणनाको तथ्याङ्कले देखाएको छ ।

जिल्लाको पहाडी क्षेत्रमा रहेको बङ्गलाचुली गाउँपालिकामा दुई सय १० परिवार व्यवसायमा रहेका छन् । जसमध्ये घरेलु उद्योगमा २१.९, व्यापारमा ५०.५, यातायातमा २.९, सेवा क्षेत्रमा २१ र अन्य क्षेत्रमा ३.८ प्रतिशत रहेका छन् । जिल्ला सदरमुकाममा रहेको घोराही उपमहानगरपालिकामा तीन हजार सात सय ८१ जना परिवार व्यवसायमा सक्रिय रहेका छन् । जसमा घरेलुतर्फ १४.८, व्यापारमा ५४, यातायात क्षेत्रमा ७.५, सेवा क्षेत्रमा ९.५ र अन्य क्षेत्रमा १४.२ प्रतिशत रहेका छन् । तुलसीपुर उपमहानगरपालिकाका तीन हजार सात सय ४८ परिवारले व्यवसाय गरिरहेका छन् । जसमा घरेलुतर्फ १४.९, व्यापारमा ५५.१, यातायात क्षेत्रमा ८.७, सेवा क्षेत्रमा १०.४ र अन्य क्षेत्रमा ११ प्रतिशत रहेका छन् ।

त्यस्तै शान्तिनगर गाउँपालिकामा ६ सय ६० परिवारले व्यवसाय गर्ने गरेका छन् । जसमा घरेलु उद्योग क्षेत्रमा १४.८, व्यापारमा ४२.४, यातायातमा ११.२, सेवामा ६.४, अन्य क्षेत्रमा २५.२ प्रतिशत रहेका छन् । बबई गाउँपालिकामा चार सय ८१ परिवारले व्यवसाय गर्ने गरेका छन् भने दङ्गीशरण गाउँपालिकामा पाँच सय ३९ परिवारले व्यवसाय गर्ने गरेको तथ्याङ्कले देखाएको छ ।

यस्तै, लमही नगरपालिकामा एक हजार एक सय १४ परिवार व्यवसायमा आबद्ध रहेको पनि तथ्याङ्कले देखाएको छ । जसमा घरेलुतर्फ १८.७, व्यापारमा ५६.७, यातायातमा ९.४, सेवा क्षेत्रमा ९.२ र अन्य क्षेत्रमा ६ प्रतिशत छन् । व्यवसयामा आबद्ध हुनेतर्फ राप्ती गाउँपालिकाका एक हजार तीन सय १८ परिवार रहेका छन् । जसमा घरेलु उद्योगमा २४.५, व्यापारमा ४८.३, यातायातमा ७.७, सेवामा ८.२, अन्य क्षेत्रमा ११.४ प्रतिशत रहेका छन् । गढवा गाउँपालिकामा व्यवसाय गर्नेको सङ्ख्या एक हजार चार परिवार छन् ।त्यसमध्ये घरेलुमा २८.४, व्यापारमा ४७.२, यातायातमा १०.९, सेवा क्षेत्रमा ५.८ र अन्य क्षेत्रमा ७.८ प्रतिशत रहेका छन् । राजपुर गाउँपालिकामा चार सय ३९ परिवारले व्यवसाय गर्ने गरेका छन् । जसमा घरेलुतर्फ १२.८, व्यापारमा ४९.२, यातायातमा ८.४, सेवामा १५ र अन्य क्षेत्रमा १४.६ प्रतिशत रहेको छ ।

# नेप्से परिसूचक बढ्यो

**रासस**
**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ । बुधबार परिसूचक नौ दशमलव २५ अङ्कले बढेर दुई हजार ८६ दशमलव ८४ अङ्कमा कायम भएको हो । नेप्सेका अनुसार बुधबार दुई सय ६९ कम्पनीको ९३ लाख ६१ हजार सात सय ८६ कित्ता शेयर ३५ हजार आठ सय ३५ पटक खरिदबिक्री हुँदा एक अर्ब ८१ करोड २४ लाख ७३ हजार आठ सय ५६ रुपैयाँ बराबरको कारोबार भएको छ । जलविद्युत् समूह पाँच दशमलव ६८, लघुवित्त ११ दशमलव ०७ र व्यापार समूह एक दशमलव ७८ अङ्कले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ ।



सबैभन्दा धेरै होटल तथा पर्यटन समूह ७८ दशमलव ०८ र निर्जीवन बीमा समूह ६५ दशमलव ४४ अङ्कले बढेको छ । बैंकिङ समूह १० दशमलव ५१, विकास बैंक ३९ दशमलव ३३, वित्त ३० दशमलव ६२ र लगानी समूह शून्य दशमलव ०१ अङ्कले बढेको छ । त्यस्तै, जीवन बीमा ४२ दशमलव ८१, उत्पादन तथा प्रशोधन १७ दशमलव ८४, म्युचुअल फन्ड शून्य दशमलव ०१ र अन्य समूह चार दशमलव ६६ अङ्कले बढेको छ । आरबीबी म्युचुअल फन्ड–१ को शेयर मूल्य सबैभन्दा धेरै चार दशमलव १४ प्रतिशतले बढेको हो ।

सबैभन्दा धेरै गुमाउनेमा भने प्रभु स्मार्ट फन्डको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको ११ करोड १९ तीन लाख पाँच सय १९ रुपैयाँ बराबरको शेयर मूल्य किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै सानिमा इक्विटी फन्डको १८ लाख १८ हजार नौ सय नौ कित्ता शेयर किनबेच भएको छ ।

# लम्पी स्किनविरुद्धको खोप अभियान



**रासस**
**चितवन ।**
चितवनमा पशुचौपायमा देखिएको लम्पी स्किन रोग नियन्त्रणका लागि खोप अभियान सुरु गरिने भएको छ । यही साउन २५ गतेदेखि साताव्यापी रूपमा खोप अभियान सञ्चालन गर्न लागिएको हो । प्रदेश सरकारको सहयोगमा खोप अभियान सञ्चालन गर्न लागिएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र भरतपुरका पशुविकास अधिकृत डा रामचन्द्र आचार्यले बताए ।
उनका अनुसार प्रदेश सरकारबाट प्राप्त खोपलाई सातै पालिकामा वितरण गरी पशुलाई लगाइन्छ । प्रदेश सरकारले १३ जिल्लामा नै अभियानका रूपमा लम्पी स्किन विरुद्धको खोप लगाउन लागेको उनले जानकारी बताए ।
अभियानका लागि २२ गतेसम्म खोप जिल्लामा आइपुग्ने आचार्यले बताए । उनले भने, 'अहिले पाँच हजार डोज खोप आउने अनुमान गरेका छौँ ।' प्रदेश सरकारले अभियानका रूपमा खोप कार्यक्रम सञ्चालन गरेको हुँदा पछि पुनः थप हुन सक्ने उनले बताए । सातै पालिकामा पालिएका गाईभैँसीमा यो खोप लगाइने छ । रोग लागिसकेका, गोठमा रोग देखिएका पशुहरूलाई खोप नलगाइने उनले जानकारी बताए । उनले थपे, 'स्वस्थ पशुलाई खोप लगाइन्छ ।' जिल्लाका पालिकाहरूको सक्रियतामा खोप लगाइँदै आइएको छ । यसलाई सहयोग पु¥याउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको हो ।

जिल्लामा हालसम्म १८ हजार पाँच सय ९० पशुलाई लम्पी स्किन विरुद्धको खोप लगाइएको छ । भरतपुर महानगरपालिकामा तीन हजार सात सय ९०, खैरहनी नगरपालिकामा तीन सय, राप्ती नगरपालिकामा ६ हजार र रत्ननगरमा आठ हजार पाँच सय पशुमा खोप लगाइएको उनले जानकारी बताए । जिल्लामा हालसम्म ११ हजार एक सय ८५ गाईभैँसीमा यो रोग देखिएको छ । कार्यालयका तथ्याङ्कअनुसार हालसम्म दुई सय ८७ गाई लम्पी स्किनबाट मरिसकेका छन् ।

गर्मी याममा लामखुट्टे, झिँगा लगायतका कारण यो रोगको प्रकोप देखिने गरेको आचार्यले जानकारी दिए । गाईभैँसीमा यो रोग देखापरेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दुध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, ओँठ, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, ¥याल काढ्ने र लिम्फनोड सुक्नेजस्ता लक्षण देखा पर्दछन् ।

यो रोग विशेषगरी सङ्क्रमित लामखुट्टे, झिँगा लगायतको टोकाइबाट लाग्छ । सङ्क्रमित गाईवस्तुको ओसारपसारबाट, सामुदायिक चरन क्षेत्र तथा दाना एवम् पानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट यो रोग सर्ने गरेको कार्यालयले जनाएको छ । यो रोग लाग्न नदिनका लागि खोप लगाउने, विश्वसनीय स्रोतबाट गाईभैँसी खरिद गर्ने, गोठलाई झिँगा, लामखुट्टे तथा अन्य कीराबाट मुक्त राख्ने, सरसफाइमा ध्यान दिने र आवश्यकतानुसार कीट विकर्षकको प्रयोग गर्नुपर्ने आचार्यले बताए ।

# 'इनड्राइभ साइबेरियादेखि सिलिकन भ्यालीसम्म' नेपालमा

## लेखकको बारेमाः

आर्सेन टम्स्की याकुटियाका एक टेक उद्यमी हुन जसले इनड्राइभको स्थापना गरे, जुन अग्रणी विश्वव्यापी राइड–हेलिङ र गतिशीलता प्लेटफर्महरूमध्ये एक भएको छ। आर्सेनको यात्रा एक सफ्टवेयर इन्जिनियरको रूपमा सुरु भयो र बिस्तारै उद्यमशीलतामा सरेका थिए। पूर्वी साइबेरियाको दुर्गम शहरको कठिन परिस्थितिमा काम गर्दै, उनले आफ्नै व्यवसाय विकास विधि र विचारधाराको विकास गरे।

## इनड्राइभको बारेमाः

इनड्राइभ माउन्टेन भ्यू, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका मा मुख्यालय रहेको एक वैश्विक गतिशीलता र शहरी सेवा प्लेटफर्म हो। इनड्राइभ एप १७५ मिलियन भन्दा बढी पटक डाउनलोड गरिएको छ, र सन् २०२२ मा दोस्रो सबैभन्दा धेरै डाउनलोड गरिएको मोबिलिटी एप थियो। राइड–हेलिङको अतिरिक्त, इनड्राइभले शहरी सेवाहरूको विस्तारित सूची प्रदान गर्दछ, जसमा इन्टरसिटी यातायात, माल ढुवानी, कार्य सहायता, कुरियर डेलिभरी र रोजगार खोजी रहेको छ।इनड्राइभले ४० भन्दा बढी देशहरूमा सेवा सञ्चालन गर्दछ। यसले स्थानीय समुदायहरूलाई आफ्नो सहकर्मी भुक्तानी मोडेल र सामुदायिक सशक्तिकरण कार्यक्रमहरू मार्फत समर्थन गर्दछ, जसले शिक्षा, खेलकुद, कला र विज्ञान, लैङ्गिक समानता र अन्य महत्त्वपूर्ण पहलहरूलाई अगाडि बढाउन मद्दत गर्दछ।थप जानकारीको लागि www.inDrive.com मा जानुहोस्।




**मधेशदृष्टि**
**वीरगंज ।**
ग्लोबल मोबिलिटी र अर्बन सर्भिस प्लेटफर्म इनड्राइभका संस्थापक तथा सीइओ आर्सेन टम्स्कीले आफ्नो पुस्तक 'इनड्राइभर' फ्रम साइबेरिया टु सिलिकन भ्याली' को अनुवादित संस्करण जारी गरेका छन् ।
यो पुस्तक अब अंग्रेजी, स्पेनिश, पोर्चुगिज भाषापछि नेपालीमा उपलब्ध भएको छ र नेपाली भाषामा यसको पहिलो संस्करण सार्वजनिक गरिएको छ।
मंगलबार काठमाडौंमा पत्रकार सम्मेलनमा पुस्तकको लोकार्पण गरिएको हो । विमोचन कार्यक्रममा बोल्दै इन्ड्राइभका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत आर्सेन टम्स्कीले भने, 'पाठकहरूसँग मेरो यात्रा अनुभव साझा गर्न पाउँदा म धेरै नै खुसी छु। इनड्राइभको जग र विकास मेरो लागि व्यावसायिक प्रयास मात्र होइन, एउटा गहिरो व्यक्तिगत र भावनात्मक यात्रा पनि हो जसले मेरो जीवनलाई आकार दिएको छ, र यसको विकासको बारेमा लेख्नु परिवर्तनकारी भएको छ।
र म यस कार्यमा तपाईँहरुलाई निमन्त्रणा गर्न पाउँदा उत्साहित छु।
सबैजनालाई आफूसँगै यो साहसिक कार्यको अनुभव लिन स्वागत गर्दछु।'पुस्तकले आर्सेनको जीवन कथालाई अनावरण गरेको छ। साइबेरियामा जीवनको कठोर वास्तविकताहरू नेभिगेट गर्नेदेखि लिएर दृढ आत्मविश्वासका साथ प्राविधिक उद्यमशीलताको क्षेत्रहरूमा प्रवेश गर्ने विषयहरु समावेश छन्।
कथाले उतार चढाव, जोखिम र पुरस्कारका साथै आर्सेनको यात्रालाई आकार दिने निर्णायक क्षणहरूलाई कैद गरेको छ। प्रविधि आविष्कारको केन्द्रबिन्दु, अवसर दुर्लभ देखिने याकुतियामा भएको विनम्र सुरुवातदेखि सिलिकन भ्यालीसम्म आर्सेनको जीवन कथा एउटा लगनशीलता, सामूहिक भावनायुक्त कार्य र नवप्रवर्तनको शक्तिको लागि प्रेरणादायी प्रमाण हो।
'इनड्राइभरः साइबेरियाबाट सिलिकन भ्यालीसम्म' एक आकर्षक कथा हो जसले अटल मानव भावना, सपनाहरूको खोजी र नवीनताको शक्तिलाई सहजरुपमा भन्दछ । यस प्रेरणादायक पुस्तकले पाठकहरूलाई उनीहरूको पृष्ठभूमि वा परिस्थितिको फरकपनाले कुनै असर नपारिकन नै उनीहरूको भाग्यको जिम्मा लिन उत्प्रेरित र मोहित गर्नेछ ।

# काम सम्पन्न भएपछि बजेट रोकियो

**रासस**
**चितवन ।**
भरतपुरको बसपार्कबाट आँपटारीसम्मको बाइपास सडक निर्माणको काम ८० प्रतिशत सम्पन्न भएपछि बजेट रोकिएको छ । बहुवर्षीय योजनाअन्तर्गत विसं २०७१÷७२ देखि निर्माणको काम हुँदै आएको यो सडक निर्माणका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन नभएको हो । सडक डिभिजन कार्यालय भरतपुरका प्रमुख रमेशप्रसाद पौडेलका अनुसार दुईवटा ठेक्कामा काम भइरहेको सो सडक निर्माणको अन्तिम चरणमा पुग्दै गर्दा सरकारले योजनामा नै राखेको छैन । उनले भने, 'एउटा ठेक्का ९७ प्रतिशत र अर्को ठेक्का ७० प्रतिशत सकिएको छ, तर सरकारले यो आयोजना सम्पन्न गर्न बजेट विनियोजन गरेको छैन ।' योजनामा नपरेपछि सडक विभागमा आफूले पत्राचार गरेको उनले बताए । बाइपास सडक निर्माणका लागि पहिलो ठेक्का केन्द्रीय बस टर्मिनलबाट विशाल चोकसम्म र दोस्रो ठेक्का विशाल चोकबाट आँपटारीसम्म लागेको थियो । पहिलो ठेक्का चार किलोमिटर सडक दुई लेन बनाउनका लागि ठेक्का गरिएको भए पनि स्थानीयको मागसँगै त्यसलाई छोट्याएर दुई किलोमिटर चार लेन निर्माण गरिएको हो । यो ठेक्काको काम ९७ प्रतिशत सकिएको छ । गौरी पार्वती निर्माण सेवासँग १२ करोड रुपैयाँमा ठेक्का सम्झौता भइ काम भइरहेको छ । अहिले यो सडक सम्पन्न हुन केहीमात्रै बाँकी रहेको उनले बताए ।
उनका अनुसार रायमाझी पशुपति जेभीले ठेक्का सम्झौता गरेर काम गर्दै आएको दोस्रो ठेक्काको कामसमेत ७० प्रतिशत सकिएको छ । मङ्सिर महिनाभित्र पूर्णरूपमा सम्पन्न गर्ने गरी काम भइरहेको सो ठेक्काका लागि २९ करोड रुपैयाँमा सम्झौता भएको थियो । अहिले फुटपाथ निर्माणको काम भइरहेको भए पनि बजेट नहुँदा कार्य पूरा गर्न कठिन भएको उनले बताए । उनले भने, 'ठेकेदार कम्पनीले बिल भुक्तानीका लागि निवेदन दिइसकेका छन्, कार्यालयसँग बजेट छैन ।' सम्झौताअनुसार निकासा दिनुपर्ने बजेटसमेत निकासा दिन नसकिएको उनले बताए । यो सडक गत आर्थिक वर्षमा निर्माण सम्पन्न हुनुपर्नेमा बजेटको कठिनाइका कारण काम हुन नसकेको उनको भनाइ छ ।

# ट्रम्पमाथि अर्को मुद्दा
# चुनाव हारेपछि षड्यन्त्र गरेको आरोप

**बिबिसी ।**
अमेरिकाका पूर्वराष्ट्रपति डोनल्ड ट्रम्पलाई सन् २०२० को राष्ट्रपतीय निर्वाचनमा पराजित भएपछि उक्त परिणाम उल्ट्याउन षड्यन्त्र गरेको भन्दै चारवटा अभियोग लगाइएको छ । उनीविरुद्ध राज्यलाई धोका दिने षड्यन्त्र रचेको, साक्षीलाई प्रभावित पारेको र नागरिक अधिकारविरुद्ध रणनीति बनाएको आरोप लगाइएको छ । यो अभियोजनसँगै सन् २०२१ को ज्यानुअरी ६ मा अमेरिकी संसद् भवनमा भएको दङ्गाको घटनाबारे अनुसन्धान टुङ्गिएको छ । यद्यपि राष्ट्रपति पदका लागि पुनः उम्मेदवारी दिन लागेका ७७ वर्षीय ट्रम्पले गलत कार्य गरेको आरोप अस्वीकार गरेका छन् । उनीविरुद्ध यसअघि नै गोप्य दस्तावेज सुरक्षित रूपमा नराखेको र एक महिला पोर्नस्टारलाई ‘मुख नखोल्न’ दिइएको रकम ढाकछोप गर्न आफ्नो व्यापारिक अभिलेखमा मिथ्या विवरण भरेको आरोप लगाइएको छ । निर्वाचन सम्बन्धी अनुसन्धान उनको पराजय र वाशिङ्टन डीसीमा भएको दङ्गाबीचको दुई महिनाको अवधिमा ट्रम्पले गरेका कार्यहरूमा केन्द्रित छ । त्यतिबेला डेमोक्र्याटिक राष्ट्रपति जो बाइडनको जितलाई सांसदहरूले प्रमाणीकरण गरेपछि ट्रम्पका समर्थकहरूले संसद् भवनमा आक्रमण गरेको थिए । अमेरिकी न्याय मन्त्रालयबाट नियुक्त भएका विशेष सल्लाहकार ज्याक स्मिथले अनुसन्धानको नेतृत्व गरेका हुन् । ‘सन् २०२१ को जनवरी ६ मा देशको राजधानीमा भएको आक्रमण अमेरिकी प्रजातन्त्रमाथिको अभूतपूर्व आक्रमण थियो,’ उनले भने । ‘अभियोगमा भनिए झैँ त्यो



घटनाक्रम झुटबाट प्रेरित थियो ।’ उनले आफ्नो छोटो वक्तव्यमा अभियोगमाथि ‘शीघ्र सुनुवाइ’को माग गर्ने प्रतिबद्धता जनाउँदै पूर्वराष्ट्रपतिलाई ‘दोषी प्रमाणित नभएसम्म निर्दोष मान्नुपर्ने’ मा जोड दिएका थिए ।

अन्य अधिकारीहरू पनि तानिए

ट्रम्प बिहीवार वाशिङ्टन डीसीको अदालतमा उपस्थित हुने ठानिएको छ । पैँतालीस पृष्ठ लामो उक्त अभियोगमा चार वकिल, न्याय मन्त्रालयका एक अधिकारी र एक राजनीतिक सल्लाहकार गरी छ जनालाई षड्यन्त्रमूलक गतिविधिमा संलग्न रहेको जनाइएको छ । तर उनीहरूको परिचय गोप्य राखिएको छ । अदालतमा प्रस्तुत दस्तावेजमा ट्रम्पले ‘बेइमानी, जालसाजी र छल गरेर सङ्घीय सरकारको काम कारबाहीमा खलल पु¥याउने, अवरोध सिर्जना गर्ने र सरकारलाई हराउने षड्यन्त्र गरेको’ आरोप लगाइएको छ ।



सन् २०२० को निर्वाचनमा धाँधली भएको आरोपबारे अभियोजनकर्ताहरूले भने, ‘यी दाबीहरू झुटा थिए र प्रतिवादीलाई ती झुटा भएको थाहा थियो ।’ उनीहरूले ट्रम्पले उपराष्ट्रपति माइक पेन्सलाई राष्ट्रपतिमा बाइडनको अनुमोदन रोक्नका लागि मनाउने कोसिस गरेको तर असफल भएको बताएका छन् । अभियोगपत्रमा थुप्रै अमेरिकी अधिकारी र ट्रम्पको निर्वाचन अभियानका वरिष्ठ कार्यकर्ताहरूको नाम पनि उल्लेख गरिएको छ । उनीहरूले निवर्तमान राष्ट्रपतिलाई उनी पराजित भएको अनि निर्वाचनमा धाँधली भएको कुनै प्रमाण नभएको जानकारी दिएका थिए ।

विभिन्न तीनवटा मुद्दामा ७८ वटा फौजदारी अभियोगको सामना गरिरहेका ट्रम्प अहिले रिपब्लिकन पार्टीको तर्फबाट आगामी राष्ट्रपति पदका लागि हुने प्रतिस्पर्धामा अगाडि छन् । पार्टीभित्र विजेता बन्नेले सन् २०२४ को नोभेम्बरमा हुने राष्ट्रपति निर्वाचनमा डेमोक्र्याटिक पार्टीका उम्मेदवार चुनौती दिने छन् । डेमोक्र्याटिक पार्टीबाट सम्भवतः पदासीन राष्ट्रपति जो बाइडन पुनः उठ्ने छन् ।

**के भन्छन् ट्रम्पका समर्थकहरू ?**

ट्रम्पको निर्वाचन अभियानले एउटा विज्ञप्ति जारी गर्दै ट्रम्पविरुद्धको अभियोजन चुनावी हस्तक्षेपू सरह भएको टिप्पणी गरेको छ । ‘राष्ट्रपति ट्रम्प र उनका समर्थकहरूमाथि भएका यी अराजक उत्पीडनका व्यवहारले सन् १९३० को दशकमा नाजी जर्मनी, तात्कालिक सोभियत संघ र अन्य अधिनायकवादी तथा तानाशाही शासनको सम्झना गराउँछ,’ अभियानको विज्ञप्तिमा भनिएको छ । अनुसन्धानका क्रममा पूर्वउपराष्ट्रपति तथा ट्रम्पका वकिलसहित उनको राष्ट्रपतीय कार्यकालका दर्जनौँ अधिकारी तथा सल्लाहकारहरूसँग बयान लिइएको थियो ।
जोर्जा राज्यका अभियोजकहरूले पनि पूर्वराष्ट्रपतिमाथि यस्तै आधारमा अनुसन्धान गरिरहेका छन् । ट्रम्पले गैरकानुनी रूपमा त्यहाँका अधिकारीहरूलाई बाइडनको जितलाई अस्वीकार गर्न ट्रम्पले दबाव दिएका थिए भन्नेमा उनीहरूको अनुसन्धान केन्द्रित छ । एट्लान्टाका सरकारी वकिलहरूले ट्रम्पलाई अभियोग लगाउने वा नलगाउने भन्ने विषयमा यसै महिना निर्णय गर्ने ठानिएको छ । अन्य राज्यका रिपब्लिकनहरूमाथि पनि बाइडनलाई पदभार ग्रहण गर्नबाट रोक्न ट्रम्पको प्रयासमा सहयोग पु¥याएको आरोपमा अनुसन्धान भइरहेको छ ।
मङ्गलवार मिशिगनका सरकारी वकिलहरूले रिपब्लिकन पार्टीबाट महान्यायाधिवक्ताको उम्मेदवार बनेका एक जना र ट्रम्पका अर्का एक समर्थकलाई व्यापक मतदाता धाँधलीका कारण ट्रम्पले हारेको प्रमाणित गर्ने प्रयासमा भोटिङ मशीन बिगारेको आरोप लगाएका थिए । अमेरिकी कङ्ग्रेसमा भएको दङ्गाका कारण हाउस अफ रेप्रिजेन्टटिभ्समा ट्रम्पविरुद्ध दोस्रो पटक महाभियोग लाग्यो र उनी दुई पटक महाभियोग सामना गर्ने पहिलो अमेरिकी राष्ट्रपति बने ।

# अन्तरिक्षमा सम्पर्कविहीन ‘नासाको यान’

**बिबिसी ।**
अन्तरिक्षमा अर्बौं किलोमिटर पर सम्पर्कविहीन भएको ‘भोइजर टू’ अन्तरिक्षयानबाट सङ्केतहरू प्राप्त गरेको अमेरिकी अन्तरिक्ष निकाय नासाले जनाएको छ । गलत निर्देशनका कारण नासाले गत महिनादेखि त्यससँग सम्पर्क गर्न सकेको थिएन । अन्तरिक्षयान सन् १९७७ देखि अन्तरिक्ष अन्वेषणमा संलग्छ छ ।



पृथ्वीबाट पठाइएको गलत निर्देशनका कारण यानले आफ्नो एन्टेना पृथ्वीबाट ०.२ डिग्रीमा ढल्काएको थियो । फलतः यानको निर्देशन पालना गर्ने वा पृथ्वीमा डेटा पठाउने क्षमता अवरुद्ध भयो । तर मङ्गलवार आकाश नियमित रूपमा स्क्यान गर्ने क्रममा यानबाट उत्पन्न सङ्केतहरू भेटिएको नासाले बताएको छ । अक्टोबरमा यान रिसेट हुँदा फेरि सम्पर्क स्थापित हुने नासाको आशा छ ।



अहिले कहाँ छ भोइजर टू ?

भोइजर टू पृथ्वीबाट १९.९ अर्ब किलोमिटरभन्दा पर छ । त्यहाँ उक्त यान ताराहरूको बीचको भागमा ५५,३४६ किलोमिटर प्रतिघण्टाको गतिमा अगाडि बढिरहेको छ । गत जुलाई २१ यता उक्त यानले ‘कमान्ड’ लिन वा नासाको ‘डीप स्पेस नेटवर्क’लाई डेटा पठाउन सकिरहेको थिएन । नासाको उक्त सञ्जालअन्तर्गत संसारभरि ठूला रेडिओ एन्टेनाहरू जडान गरिएको छ । तर भोइजर टूले पृथ्वीमा रहेका कन्ट्रोलरहरूले पठाएको निर्देशन लिइरहेको छैन ।

अक्टोबर १५ को पर्खाइ किन ?

सीमित सम्पर्क पुनस्र्थापित भएसँगै अब यसबाट सूचना आदानप्रदान हुने आशा वैज्ञानिकहरूले गरेका छन् । नासाले भोइजर टूले अहिले पनि ‘राम्रो अवस्थामा’ सङ्केतहरू प्रसारण गरिरहेको जनाएको छ ।

यसअघि सोमवार अस्ट्रेलियाको राजधानी क्यान्बरामा रहेको नासाको एउटा विशाल डिशले विगत ४६ वर्षदेखि काम गरिरहेको भोइजर टूबाट उत्पन्न सङ्केत खोज्ने प्रयास गरेको थियो । सम्पर्क पुनस्र्थापित गर्ने प्रयासमा उक्त एन्टेनाले भोइजर टू भएको क्षेत्रतर्फ व्यापक रूपमा सही निर्देशनहरू पठाएको उक्त मिशनको व्यवस्थापन गरिरहेको नासाको जेट प्रोपल्शन ल्याबोरटरीले जनाएको थियो ।

अर्बौं किलोमिटर पर रहेको उक्त यानबाट पृथ्वीसम्म सङ्केत आइपुग्न १८ घण्टाभन्दा लामो समय लाग्छ । पूर्ण सम्पर्क स्थापित गर्न नसकिएको अवस्थामा आफ्ना एन्टेना पृथ्वीतर्फ सोझ्याउनका लागि भोइजर टू वर्षमा कैयौँ पटक रिसेट हुनेगरी प्रोग्रामिङ गरिएको छ । अर्को रिसेटको समय अब अक्टोबर १५ मा तय गरिएको छ । त्यतिखेर ‘पूर्णसम्पर्क पुनस्र्थापित गर्न सकिने’ नासाले जनाएको छ ।

के हो यसको विशेषता ?

यसबीचमा वैज्ञानिक उपकरणहरू जडित उक्त अन्तरिक्षयान ब्रह्माण्डमा योजनाबद्ध मार्गमा रहने नासाको अपेक्षा छ । भोइजर टू र सँगसँगै बनेको भोइजर वनले मात्र अहिलेसम्म ‘हेलिओस्फिअर’ र समग्र सौर्यमण्डलबाहिर रहेर काम गर्न सकेका छन् । सूर्यबाट उत्पन्न कणहरूको सुरक्षात्मक घेरा र चुम्बकीय क्षेत्रलाई हेलिओस्फिअर भनिन्छ । ती दुई यान ‘इन्टस्र्टेलर स्पेस’ अर्थात् ताराहरूबीचको अन्तरिक्षमा क्रमशः सन् २०१८ र २०१२ मा पुगेका थिए । ती यानलाई सौर्यमण्डलका ‘बाह्य ग्रहहरू’को दुर्लभ एकत्रीकरणबाट लाभ हुनेगरी बृहस्पति र शनि ग्रहको अन्वेषण गर्न बनाइएको थियो । त्यस्तो अवस्थिति १७६ वर्षमा हुने गर्छ ।

भोइजर टू वरुण र अरुणको अगाडिबाट यात्रा गर्ने एक मात्र अन्तरिक्षयान हो । अहिले पृथ्वीबाट २४ अर्ब किलोमिटरभन्दा पर अवस्थित भोइजर वन सबैभन्दा टाढा पुगेको अन्तरिक्षयान हो । ती प्रत्येक यानमा पृथ्वीका कुरा ‘बाह्य संसार’ लाई थाहा दिन सकिनेगरी पृथ्वीका ध्वनि, तस्बिर र सन्देशहरू भएको एउटा ‘गोल्डन रेकर्ड’ राखिएको छ ।

# भीषण वर्षाले १३ करोड जनता प्रभावित, पौने १० लाख विस्थापित

**एएफपी/सिन्ह्वा**
**बेइजिङ ।**
चीनको राजधानी बेइजिङलगायत आसपासका क्षेत्रमा हालै परेको मुसलधारे वर्षा एक सय ४० वर्षपछि भएको मौसम विज्ञान विभागका अधिकारीहरूले बताएका छन् । बेइजिङ मौसम विज्ञान विभागका अनुसार आँधीसहित चाङपिङको वाङ्जियायुआन जलाशय आसपासको क्षेत्रमा ७४४ दशमलव आठ मिलिमिटर वर्षा भएको छ । सन् १८९१ मा ६०९ मिलिमिटर पानी परेको थियो ।
राजधानी र आसपासका क्षेत्रमा शनिबारदेखिको मुसलधारे वर्षाबाट १३ करोड चिनियाँ प्रभावित भएका छन् । वर्षाको यो अभिलेख विगत ४० घण्टाको हो । राजधानी बेइजिङ र छिमेकी हेबेई प्रान्तमा नौ लाख ७४ हजार चार सय जना विस्थापित भएका छन् । वर्षामा कमी आएसँगै नदीमा जलस्तर पनि घट्दै गएको छ । अधिकारीहरूले जोखिमसूचक तहबाट पानीको सतह तल झरेको बताएका छन् । साथै उनीहरूले सर्वसाधारणलाई सचेत गराउने चेतावनीका सूचना पनि हटाएका छन् ।
बाढीपहिरामा परी कम्तीमा २० जनाले ज्यान गुमाएका छन्भने केयौँ घाइते भएका छन् । राजधानीका एक लाख बाढीपीडितको उद्धार गरिएको छ भने रेलमा अलपत्र परेका यात्रीलाई हेलिकप्टरबाट खानेकुरा खसाएर सहयोग गरिएको थियो । साथै उनीहरूलाई सैनिक जवानले उद्धार गरेका थिए । उद्धारका क्रममा मङ्गलबार दुई जनाले बेइजिङमा ज्यान गुमाएका बताइएको छ ।
समस्या समाधान गर्न एकसट्ठी करोड डलर
चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको सङ्गठन विभागले बेइजिङ, हेबेई, टियानजिनमा बाढीबाट उत्पन्न समस्या समाधान गर्न ६१ करोड ७० लाख अमेरिकी डलर विनियोजन गरेको छ । चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका सदस्यबाट सदस्यता शुल्कबापत सङ्कलन गरिएको हो । केन्द्रीय समितिको सङ्गठन विभागले सदस्यता रकम व्यवस्थापनका साथै कोष सञ्चालन गर्दै आएको छ ।
विभागले बाढी नियन्त्रण तथा विपद् व्यवस्थापन, पीडित परिवारलाई सहयोग, सर्वसाधारणको जीवन र सम्पत्तिको सुरक्षा, समग्र सामाजिक स्थायित्वको सुनिश्चितताका निम्ति सहायता रकम प्रदान गरेको हो । विभागले पार्टीका सबै तहका कार्यकर्तालाई नागरिक सुरक्षा सुनिश्चित गर्न आग्रह पनि गरेको छ । विभागले अग्रपङ्क्तिमा काममा खटिएका तथा बाढीबाट गम्भीर समस्यामा परेकालाई तत्काल सहयोग हुने गरी कोष विनियोजन गर्नुपर्नेमा जोड दिएको छ ।
गत शनिबारदेखि ती स्थानमा परेको अविरल वर्षाले जनजीवन अस्तव्यस्त बनाएको छ भने बाढीको चपेटामा परेका सर्वसाधारण राहतको प्रतीक्षामा रहेका फ्रान्सेली समाचार समिति एएफपीले जनाएको छ । एक सय ४० वर्षपछि देशमा यति भीषण वर्षा भएको मौसम विज्ञान विभागका अधिकारीले बताएका छन् । बेइजिङ मौसम विज्ञान विभागका अनुसार आँधीसहित चाङपिङको वाङ्जियायुआन जलाशय आसपासको क्षेत्रमा लगातार ४० घण्टा ७४४ दशमलव आठ मिलिमिटर वर्षा भएको छ । सन् १८९१ मा ६०९ मिलिमिटर पानी परेको थियो ।
बाढीपहिरामा परी कम्तीमा २० जनाले ज्यान गुमाएका छन् भने केयौँ घाइते भएका छन् । वर्षाबाट १३ करोड चिनियाँ प्रभावित भएका छन् । राजधानी बेइजिङ र छिमेकी हेबेई प्रान्तमा नौ लाख ७४ हजार चार सय जना विस्थापित भएका छन् ।

# भारतमा फक्सकनले थप लगानी गर्ने

**एएनआई**
**नयाँदिल्ली ।**
विद्युतीय सामग्री तथा उपकरण उत्पादनका निम्ति विश्व प्रख्यात ताइवनी कम्पनी फक्सकनका प्रमुखले सूचना प्रविधिको क्षेत्रमा लगानी गर्ने अथाह सम्भावना भएको भारतमा कम्पनीले थप लगानी गर्ने बताएका छन् । सूचना प्रविधिको क्षेत्रमा उपकरण उत्पादनमा नाम कमाएको उक्त कम्पनीले भारतको तमिलनाडुमा १६ अर्ब रुपैयाँको लागतमा विद्युतीय उपकरण बनाउने कारखाना खोल्न सहमति जनाएको दुई दिनपछि कम्पनीका प्रमुख योङ लिउबाट थप लगानीको प्रतिबद्धता सार्वजनिक भएको हो ।
फक्सकनले तमिलनाडुमा ‘इलेक्ट्रोनिक कम्पोनेन्ट’ उत्पादन गर्ने कारखानामा छ हजारभन्दा बढीले रोजगारी पाउने छन् । तमिलनाडु सरकारका एक जना वरिष्ठ अधिकारीका अनुसार राज्यको राजधानी चेन्नइ नजिकको कञ्चीपुर जिल्लामा कारखाना स्थापना गरिनेछ । प्रधानमन्त्री नरेन्द्र मोदीले गत शुक्रबार गुजरातको गान्धीनगरमा फक्सकनका प्रमुख योङलाई स्वागत गर्दै ‘सेमिकण्डक्टर’ उत्पादन गर्ने कारखाना स्थापना गर्न आग्रह गरेका थिए । अधिकांश आधुनिक औद्योगिक प्रतिष्ठानदेखि कम्प्युटरलगायत यन्त्र तथा उपकरणका लागि आवश्यक पर्ने सेमिकन्डक्टर भारतजस्तो लोकतान्त्रिक मुलुकमा गर्नु फक्सकनका निम्ति लाभदायक हुने उनले बताएका थिए ।
संसारभरका लगानीकर्तालाई भारतमा चिप र सेमिकन्डक्टर बनाउने उद्योगमा लगानी गर्न आह्वान गर्र्दै त्यसबाट प्राप्त हुने अथाह लाभ उठाउन प्रधानमन्त्रीले आग्रह गरे । चिप र सेमिकन्डक्टर बनाउनु भारतको मात्र आवश्यकत नभएको उल्लेख गर्दै उनले विश्वलाई आवश्यक पर्ने विश्वसनीय चिपको आपूर्ति भारतबाट हुने बताए । प्रमुख कार्यकारी अधिकृत योङले प्रधानमन्त्री मोदीको ‘मेक इन इन्डिया सेमीकन्डक्टर’ दुरदर्शी योजनाको सराहना गर्दै भारतसग साझेदारी गर्न तयार रहेको बताए । उनले भरपर्दो साझेदार भारतसँग सहकार्य एवम् साझेदारी गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले तीनदिने ‘सेमिकन इन्डिया’ सम्मेलनमा भाग पनि लिएका थिए ।

# ग्लोबल टी–२०: नेपाली खेलाडी सम्मिलित टिमको मिश्रित नतिजा

**मधेशदृष्टि**
**काठमाडौं ।**
ग्लोबल टी–२० क्यानडा क्रिकेट लिगमा नेपाली खेलाडी सम्मिलित टिमले मिश्रित नतिजा निकालेका छन् । सन्दीप लामिछाने सम्मिलित सर्रे जागुएर्सले ब्राम्पटन वल्भ्सलाई पराजित गर्दै दोस्रो स्थानमा उक्लेको छ भने दीपेन्द्र सिंह ऐरी सम्मिलित मोन्ट्रिएल टाइगर्स भ्यानकुभर नाइट्ससँग पराजित भयो । हार पछि पनि टाइगर्स शीर्ष स्थानमै छ । गएराति भएको पहिलो खेलमा सन्दीप सम्मिलित जागुएर्सले ब्राम्पटन वल्भसलाई ६ विकेटले हरायो । यस खेलमा ३ ओभर बलिङ गर्दा सन्दीपले विकेट लिन सकेनन् । उनले २५ रन खर्चिए ।
यद्यपि सर्रे जागुएर्सले ब्राम्पटनलाई १२८ रनमै रोकेको थियो । जसमा अमर खालिद, म्याथ्यु फोर्ड र आयान खानले समान २ विकेट लिए । १२९ रनको लक्ष्य जागुएर्सले १८.१ ओभरमा ४ विकेट गुमाएर १३२ रन बनाउँदै पूरा गर्यो । जसमा विकेटकिपर लिट्टन दासले सर्वाधिक ५९ र कप्तान इफ्तिखर अहमदले अविजित ३८ रन बनाए । २१ रनमै ३ विकेट गुमाएको अवस्थामा लिट्टन र इफ्तिखरले ९९ रनको साझेदारी गरे । तेस्रो जितपछि ६ खेलबाट ८ अंक जोडेर जागुएर्स दोस्रो स्थानमा उक्लेको छ । ७ खेलबाट ८ अंक नै रहेको ब्राम्पटन तेस्रो स्थानमा झरेको छ ।
उता शीर्ष स्थानको मोन्ट्रिएल टाइगर्स भने भ्यानकुभरसँग सजिलै ९ विकेटले पराजित भयो । पहिले ब्याटिङ गरेको टाइगर्सले १८.३ ओभरमा सबै विकेट गुमाएर ९९ रनमा अलआउट भएको थियो । टाइगर्सका लागि ओपनर मुहम्मद वासिमले सर्वाधिक २८ रन बनाए भने दीपेन्द्रले २४ रन बनाए । उनले २७ बल खेल्दै ३ चौका प्रहार गरे । तर अन्य खेलाडीले राम्रो रन बनाउन सकेनन् । कप्तान क्रिस लिन शून्यमा आउट हुँदा आन्द्रे रसेलले १२ रन मात्र बनाए । भ्यानकुभरका जुनैद सिद्दिकी र रुबेन ट्रम्पलमेनले समान ३ तथा कोर्बिन बोसले २ विकेट लिए । १०० रनको लक्ष्य भ्यानकुभरले १४.४ ओभरमै १ विकेट गुमाएर भेट्टायो । उसका लागि ओपनर मोहम्मद रिजावानले अविजित ३६ रन बनाए । यस्तै कोर्बिन बद्दसले अविजित २८ रन जोडे । फखर अमान ४ रनमा आउट भए । आन्द्रे रसेलले १ विकेट लिए । दीपेन्द्रले बलिङ गर्न पाएनन् । लिगमा दोस्रो हार बेहोरेको टाइगर्स ७ खेलबाट ९ अंकसहित शीर्ष स्थानमै यथावत छ ।

# पाँच छिमेकीसँगको सिमाना खोलेको नाइजरको घोषणा



**एएफपी**
**नियामे ।**
सैनिक विद्रोहको करिब एक सातापछि पश्चिम अफ्रिकी मुलुक नाइजरले पाँच छिमेकी देशसँगको सिमाना खोलेको छ । नाइजरले स्थल सिमानाका साथै हवाई सीमा पुनःखोलिएको सैन्य विद्रोहमा संलग्न एक जना जनलरलले राष्ट्रिय टेलिभिजनबाट घोषणा गरेका छन् । अल्जेरिया, बुर्किना फासो, लिबिया, माली र चाडसँगको भूमि र हवाई सिमाना पुनः खोलिएको ती सैनिक अधिकारीले घोषणा गरेका हुन् । गत बुधबार नाइजरका निर्वाचित राष्ट्रपति मोहम्मद बाजुमलाई अपदस्थ गरी देशको शासन व्यवस्था आफूले सञ्चालन गर्ने घोषणा राष्ट्रपतिका सुरक्षा प्रमुख जनरल अब्दुरहमान टियानीले गरेका थिए ।
जनरल टियानीले जहादीद्वारा लामो समयदेखि चलिरहेको विद्रोह अन्त्य गर्न असफल भएको, भ्रष्टाचार र आर्थिक समस्या बढेका तथा सुरक्षा व्यवस्थामा भएको ह्रासलाई सम्बोधन गर्न सत्ता हातमा लिएको बताएका छन् । यसैबीच, लामो समयसम्म नाइजरलाई आफ्नो उपनिवेश बनाएको फ्रान्सले सैन्य विप्लव प्रभावित नाइजरबाट दुई सय ६२ जनालाई पेरिस पु¥याएको छ । नाइजरमा आफ्ना नागरिक असुरक्षित हुने भन्दै फ्रान्सले त्यहाँबाट उनीहरूलाई स्वदेश पु¥याएको हो । फ्रान्सका विदेशमन्त्री क्याथरिन कोलोनाले एक दर्जन बालबालिकासहित दुई सय ६२ जनालाई नाइजरबाट ल्याइएको बताएका छन् ।
पश्चिम अफ्रिकी राष्ट्रहरूको आर्थिक समुदाय, अफ्रिकी सङ्घ, युरोपेली सङ्घ, संयुक्त राष्ट्रसङ्घ, अमेरिका, जर्मनी, फ्रान्सलगायत अन्तरराष्ट्रिय समुदायले सैन्य विप्लवको विरोध गर्दै वैधानिक राष्ट्रपति मोहम्मद बाजुमलाई पुनःस्थापना गर्न माग गरेको छ । साथै उनीहरूले बाजुम र उहाँका परिवारको सुरक्षाको माग गर्दै अविलम्ब रिहाइको माग गरेका छन् । आर्थिक समुदाय र अन्तर्राष्ट्रिय जगत्ले लोकतन्त्रको रक्षा गर्न तथा यस क्षेत्रमा लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ बनाउन हरसम्भव प्रयास गर्ने नाइजेरियाका राष्ट्रपति एवम् पश्चिम अफ्रिकी राष्ट्रहरूको आर्थिक समुदायका अध्यक्ष बोला टिनुबुले एक विज्ञप्ति निकालेर बताएका हुन् ।
भूपरिवेष्टित राष्ट्र नाइजर विश्वकै निर्धनतम राष्ट्रमध्येको एक हो । सन् १९६० मा फ्रान्सबाट स्वतन्त्र भएपछि चारपटक यस्ता विद्रोह भइसकेका छन् । राष्ट्रपति बाजुमविरुद्ध पनि दुई पटक विद्रोह भएको छ ।

# सुक्खा क्षेत्र घोषणा गर्न यादवको माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशमा खडेरीको समस्या समाधान गर्न डिप बोरिङ्गको व्यवस्था गर्न आग्रह गरेका छन् ।

दलित समुदायबाट एसईई उतीर्ण गरेका विद्यार्थीहरुको सम्मानमा अयोजना गरिएको कार्यक्रममा जसपा अध्यक्ष यादवले साउन महिनामा खेतहरुमा पानी र धान लागेको हुनुपर्नेमा धूलो उडिरहेकोमा उनले चिन्ता व्यक्त गरेका छन् । यसरी खेतीपातीको समयमा आकाशे पानीको भरमा रहेका जनतालाई खडेरीको पनि उतिकै चिन्ता रहेकोले खडेरीको समस्या समाधान गर्नका लागि गाउँ गाउँमा डीप बोरिङ्गको व्यवस्था गर्न आग्रह गरे ।

नदीनालाले भरिएको देशमा खडेरीको समस्या छ, खेतमा धूलो उडिरहेको छ, जसपा अध्यक्ष यादवले भने 'चुरे जंगलको विनाश भएकै कारण प्रकृतिले यस्तो रुप देखाईरहेको छ ।' चुरे जंगलको रक्षा, नदि नालाबाट बालुवा गिट्टी ननिकालिएको भए यस्तो स्थिति उत्पनन हुने थिएको उनले भने । यो उर्वर भूमिको रक्षाका लागि चुरेलाई संरिक्षत क्षेत्र घोषणा गर्नु आवश्यक रहेको उनको भनाई थियो ।

# मैथिलीलाई कामकाजी भाषा बनाउन अभियान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अप्पन विराटगढ परोपकार समाजको पहलमा मैथिली भाषालाई कामकाजी बनाउने अभियान जनकपुरधाममा पनि शुरु गरिएको छ । विराटनगरबाट सुरु गरिएको अभियानलाई जनकपुरधाममा विभिन्न व्यक्तिले हस्ताक्षर गर्दै अभियानको थालिनी गरिएको हो ।

जनकपुरधामको पिडरियामाइ स्थान स्थित युरेका इन्टरनेशनल हाइ स्कुलको सभाकक्षमा आयोजितसमारोहमा विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो । मधेश प्रदेशमा सबैभन्दा बढी बोलिने भाषा मैथिली हुँदापनि कामकाजी भाषा हुन नसकेको वक्ताहरुले चिन्ता व्यक्त गरेका थिए । सरकार माथि दबाब बनाउन मैथिलीसँग आबद्ध संघसंस्थाहरुलाई उनीहरुले आग्रह गरेका छन् ।

संस्थाका अध्यक्ष बसुन्धरा झाले सरकार भाषा विरोधी छन् त्यो भनेर त्यतिकै छोड्न नसकिने बताउदै जनदवावको अगाडी कसैको केही लाग्दैनन उल्लेख गरे ।

भाषाको विकासका लागि मैथिली संघसंस्थाहरुले यो विषय जनतामा लग्नुपर्ने उनको सुझाब थियो ।जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले मातृभाषाको संरक्षण गर्नु सरकारको दायित्व रहेकाले सो दायित्व पूरा गर्नुपर्छ बताउनुभयो । अप्पन विराटगढ परोपकार समाजले मैथिलीलाई कामकाजी भाषा बनाउनका साथै जितिया पर्व राष्ट्रिय विदाका लागि पनि अभियान चलाइरहेका छन् सो अभियानमा पनि स्थानीयवासीहरुको सहयोग देखिएको थियो ।

# महासंघको स्थानीय विकास समितिको सहसंयोजकमा साह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका सुन व्यवसायी तथा बलराम ज्वेलर्सका संचालक बलराम साहलाई नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको स्थानीय विकास समितिको सहसंयोजकमा चयन गरेको छ । बुधबार साहलाई स्थानीय विकासको क्षेत्रमा उनले दिएको योगदान प्रति कदर गर्दै स्थानीय विकास समितिको सह संयोजकमा चयन गरिएको हो । महासंघ मधेशका अध्यक्ष अशोक कुमार टेमानी र संयोजक शिवशंकर साह हिराको संयुक्त हस्ताक्षर रहेको मनोनयन पत्रमा साहलाई स्थानीय विकास सम्वन्धी कार्यहरुमा समन्वयकारी भुमिका प्रदान गरि व्यवसाय तथा व्यवसायीहरुको समष्टिगत विकासको लागि विशेष पहल आवश्यक देखिएकोले त्यसका लागि संघिय सरकार,प्रदेश सरकार तथा स्थानिय सरकारका साथै विभिन्न संघ संस्थाहरुसंग सहकार्य गर्दै योगदान दिन साहलाई आग्रह गरिएको छ ।

# सीमामा गाडी चलाउन कुनै रोक नलाग्ने महावाणिज्य दुत नितेश कुमारको भनाई



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतीय वाणिज्य राजदूत नितेश कुमार नेपाली सवारी साधन नेपालसँग सीमा जोडिएका भारतका जिल्लाहरूमा पहिलेजस्तै जाने बताएका छन् ।

उनले बुधबार मधेशदृष्टिसंग कुराकानी गर्दै नेपाली चारपाङ्ग्रे र दुईपाङ्ग्रे सवारी साधन विना परमिट भारतीय जिल्लाको जुनसुकै ठाउँमा जान पाउने बताएका हुन् ।

मंगलबार रक्सौल र भिठ्ठामोड भन्सारले नेपाली सवारीसाधन प्रवेशमा रोक लगाएपछि नेपालमा चर्को विरोध भएको छ भने मधेशवादी दलका नेताहरुले भने उक्त नियमको तिखो प्रतिक्रिया दिएका छन् । लोसपा नेता तथा हिन्दी भाषा अभियानी रमण पाण्डेले यो नियम लागु भएमा मधेशीलाई धेरै समस्या हुने भन्दै नेपाल र भारतबीच रोटी बेटीको नाता रहेको बताए । दुई देशबीचको पर्यटन र व्यापार पनि प्रभावित हुने र यसबाट दुवैदेशलाई क्षति हुने उनको भनाई छ ।

भारतीय बाणीज्य दुत नितेश कुमारले पुरानो नियममा नेपाली चारपाङ्ग्रे सवारी साधन भारत प्रवेश गर्ने भनेपछि जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठलगायतले स्वागत गरेका छन् ।

# मधेशमा डेंगु समस्या बढ्दै स्थानीय निकाय बेखबर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा डेंगुको सक्रमण बढदै गएको स्वास्थ्य निर्देशनालय जनकपुरधामले जनाएको छ । निर्देशनालयले दिएको जानकारि अनुसार प्रदेशको सबैजसो जिल्लामा बालबालिकादेखि वृद्धवृद्धामा यो रोग देखिएको हो । स्वास्थ्य निर्देशनालय मधेश प्रदेशका निर्देशक डा. सञ्जिवकुमार झाले साउनको सुरुवातयता २२ जनामा डेंग सङ्क्रमण पोजेटिभ देखिएको बताए । उनका अनुसार स्थानीय तह तथा नीजि स्वास्थ्य उपचार केन्द्रमा उपचार गराएका एवम उपचारमा रहेका बिरामीको तथ्याङ्क सङ्कलनका लागि कर्मचारी परिचालन गरिएको छ । साथै सङ्क्रमण बढ्न नदिन जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहका स्वास्थ्य शाखामार्फत लामखुट्टेका लार्भा खोजी गरेर नष्ट गर्ने काम भइरहेको छ ।

प्रादेशिक अस्पताल जनकपुरधामका ओपिडी शाखाका प्रमुख मनिषकुमार पाण्डेयले भयावहको स्थिति नभएपनि विगत एक महिनादेखि दिन बिराएर दुई–तीन जनामा यो सङ्क्रमण देखिने गरेको बताए ।

उनले भर्ना गरेर उपचार गर्नुपर्ने जस्ता जटिल बिरामी नदेखिएको बताउँदै स्वास्थ्य जाँचपछि घरमै बसेर स्वास्थ्य लाभ लिइरहेको जानकारी दिए । मधेश सरकारका स्वासथ्य तथा जनसंख्या मन्त्री विरेन्द्रप्रसाद सिंहले बिरामीको स्वास्थ्य उपचार र डेंगु सङ्क्रमणको रोकथाम तथा नियन्त्रणको प्रयास भइरहेको बताए । उनले प्रदेशका सबै जिल्ला स्वास्थ्य कार्यालयमा औषधि व्यवस्थापन गरिएको र लामखुट्टेका लार्भा नष्ट गर्न स्वास्थ्य क्षेत्रका कर्मचारी खटिएको जानकारी दिए । डेंगुका सङ्क्रमण फैलिन सक्ने सम्भावनालाई दृष्टिगत गर्दै अस्पतालका अधिकारीहरुलाई गुणस्तरयुक्त उपचार व्यवस्थाका लागि तयारी अवस्थामा बस्न निर्देशन दिएको मन्त्री सिंहले बताए ।

उनले डेंगुका लक्षण देखिएमा तुरुन्तै नजिकको अस्पतालमा वा स्वास्थ्य संस्थामा गएर चिकित्सको सल्लाहअनुसार उपचार गराउन र घर वरपरको वातावरणमा पानी जन्म नदिन, लामखुट्टेको लार्भा विकास हुने स्थान खोजेर नष्ट गर्न सबैलाईलाई आग्रह गरे ।

लामखुट्टेको टोकाइबाट सर्ने यो रोग नियन्त्रण तथा रोकथामका प्रयासमा स्थानियतहले कुनै किसीमको पहल नगरेको स्थानियको गुनासो छ ।

# निजी अस्पतालहरुलाई शुल्क विवरण बुझाउन उपमहानगरको निर्देशन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले नीजि अस्पतालहरुलाई सेवाग्राहीसंग लिने शुल्कको बारेमा लिखित पत्र पठाउन निर्देशन दिएका छन् ।

उपमहानगरले बुधबार जनकपुरधाम उपमहानगरपालिका अन्तरगत सम्पुर्ण नीजि अस्पतालहरुलाई शुल्क विवरण बुझाउन निर्देशन दिएको हो । उपमहानगरका वरिष्ठ उपसचिव मेहीलाल यादवले बुधबार जारी गरेको पत्र अनुसार उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सम्पुर्ण निजी स्वास्थय संस्थाहरुले सेवाग्राहीसंग लिइने सम्पुर्ण शुल्कहरु पाँचदिन भित्र लिखित पत्र सहित पेश गर्न निर्देशन दिएका छन् । जनकपुरधाम भित्रका नीजि अस्पालहरुले आ आफनो तरिकाले सेवाग्राही संग शुल्क असुल्दै आएको आरोपहरु बढदै गएपछि जनकपुरधाम उपमहानगरपालिकाले यस्तो कदम अगाडी बढाएको बताइएको छ ।




# जसपा धनुषाले मंसिर मसान्तमा अधिवेशन गर्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सत्तारुढ जनता समाजवादी पार्टी नेपाल धनुषाले विभिन्न विभागहरु गठनसँगै यही मँसिर मसान्तसम्ममा अधिवेशन गर्ने निर्णय गरेका छन् ।

जसपा धनुषाको विवाद उत्कर्षमा रहेको समयमा जसपाका अध्यक्ष उपेन्द यादवको उपस्थितिमा भएको बैठकबाट जसपा धनुषाको अधिवेशन मँसिर मसान्तसम्ममा अधिवेशन गर्ने निर्णयसमेत गरेको हो । जसपा धनुषाको अध्यक्ष पशुपति यादवको अध्यक्षतामा बसेको बैठकबाट अधिवेशन अघि सांगठनिक संरचनासहितलाई विस्तार गर्नका लागि विभिन्न विभागहरुसमेत गठन गर्ने निर्णय गरेको छ ।

जसअनुसार संगठन बिभाग, महिला विभाग, स्थानीय परिचालन विभाग, युवा तथा विद्यार्थी बिभाग, ट्रेड युनियन विभाग, प्रचारप्रसार तथा सूचना सञ्चार विभाग, कार्यालय व्यवस्थापन समिति, आर्थिक विभाग, प्रशासन विभाग र जिल्ला अधिबेशन मंसिर मसान्तभित्र गर्ने निर्णय गरेको जनाइएको छ ।

यस बैठकमाट राजनिती समिति सदस्य लालकिशोर साह, सदस्य एवं संविधान सभा सदस्य उर्मिला साह, मधेश प्रदेश समिति सदस्य ज्ञानेन्द्रकुमार यादव र प्रमुख सचेतक रामअशिष यादव तथा चन्देश्वर महतो लगायतकाहरुको उपस्थितिमा रहेको थियो ।

# महिला जनप्रतिनिधिलाई क्षमता अभिवृद्धि तालिम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा र महोत्तरीकी महिला जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धिका लागि एक संस्थाले तालिमको आयोजना गरेको छ ।

जनकपुरधाममा मंगलबारबाट माण्डवी नामक संस्थाको आयोजनमा शी लिड्स महिला नेतृत्व कार्यक्रमअन्तर्गत क्षमता अभिवृद्धि तालिम सुरु भएको हो ।

तालिममा जनकपुरधामका ५१ महिला जनप्रतिनिधिहरू सहभागी भएका छन् । महिला जनप्रतिनिधिहरुलाई नैतिकवान नेतृत्व, समस्या विश्लेषण, तथ्यांक संकलन र दुश्प्रचार अभिव्यक्ति अन्त्य गर्ने विषयमा तालिम दिइँदैछ ।

तालिम प्राप्त गरेपछि उनीहरूको नेतृत्व क्षमतामा विकास हुने, स्थानीय तहमा पाएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने विश्वास लिइएको छ ।

तालिममा सहभागी महिला जनप्रतिनिधिहरूले पनि यो अभिमुखीकरण तालिमबाट आफूहरूको नेतृत्व क्षमताको विकासमा सहयोग पुग्ने बताए । आफूहरूलाई जनताका लागि काम गर्न पनि सहज हुने उनीहरूको भनाइ छ । शी लिड्स महिला नेतृत्व कार्यक्रम धनुषा र महोत्तरीमा सञ्चालनमा रहेको छ । जसमा कुल २७२ महिला जनप्रतिनिधिलाई अभिमुखीकरण तालिम दिइने बताइएको छ । तालिममा सम्झना वर्मा र वेद घिमिरेले प्रशिक्षण दिई रहेका छन् ।

# चार पांग्रे सवारी रक्सौल प्रवेशको अवरोध हट्यो



**मधेशदृष्टि**
**वीरगंज ।**
रक्सौल स्थित भारतीय कष्टमको प्राविधिक त्रुटिका कारण मंगलबार नेपाली नम्बर प्लेटका चार पाङ्ग्रे सवारी साधनको सीमावर्ती भारतीय शहर रक्सौल प्रवेशमा लगाइएको रोक बुधबारदेखि फुकुवा भएको छ । मङ्गलवार नेपाली नम्बर प्लेट भएको चार चक्के सवारी साधनलाई रक्सौल प्रवेश गर्न भारतीय महावाणिज्य दूतावासबाट विशेष पास लिनुपर्ने नियम लगाइएको भन्दै भारतीय कष्टमले नेपाली नम्बर प्लेटका सवारी साधनहरु रोकेपछि बुधबार वीरगंज स्थित भारतीय महावाणिज्य दूतावासको पहलमा अवरोध हटेको छ । वाणिज्य दुतावासको एक अधिकारीका अनुसार रक्सौलस्थित भारतीय कस्टममा रहेका कर्मचारीहरूको त्रुटिका कारण मङ्गलवार नेपाली नम्बर प्लेट सवारीसाधनलाई रक्सौल प्रवेशमा रोक लगाइएपनि बुधबार विहानै देखि त्रुटि सच्चाएर सवारी आवागमनलाई निर्वाध रुपमा संचालनमा ल्याईएको छ । नेपाली नम्बर प्लेट भएका चार चक्के सवारीसाधनलाई रक्सौल प्रवेश गर्न कुनै पनि किसिमको पास अथवा अनुमति लिनु नपर्ने वाणिज्य दुतावासले जनाएको छ ।
रक्सौलमा रहेको भारतीय कस्टमका सुरक्षा अधिकारीहरूले मङ्गलवार नेपाली नम्बर प्लेटका चार चक्के सवारीसाधनलाई रक्सौल प्रवेशका लागि वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासबाट पास लिनु बताएपछि अन्योल सृजना भएको थियो ।
दूतावासको पास नलिएका नेपाली नम्बर प्लेटका चार चक्के सवारीसाधनलाई भारतीय कस्टममा खटेका सुरक्षाकर्मीहरूले मङ्गलवार रक्सौल प्रवेश पनि गर्न दिएका थिएनन् । यद्यपि धुबार विहानैदेखि विना रोकटोक नेपाली सवारी साधनहरुको रक्सौलमा आवत जावत भई रहेको छ । यसैविच नेपाली चार पाङ्ग्रे गाडी रक्सौल भन्सारमा रोकिएको खबर सार्वजनिक भएसँगै उत्पन्न समस्या समाधानका लागि पूर्व वन मन्त्री एवं पर्सा क्षेत्र नम्बर १ सांसद प्रदिप यादव, वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह वीरगंज स्थित महावाणिज्य दुतावासका प्रतिनिधिलाई लिएर रक्सौल कष्टम पुगेका थिए । सांसद यादव र नगर प्रमुख सिंहले रक्सौल कष्टमका पदाधिकारीहरुसँग विगतमा झै विना रोकटोक निर्वाध रुपमा नेपाली सवारी साधन संचालन गर्ने सम्बन्धमा छलफल गरेका थिए ।

# पर्साका १५ जना नेताहरु एमालेमा प्रवेश



**मधेशदृष्टि**
**वीरगंज ।**
एक वर्षपहिले जनता समाजवादी पार्टी (जसपा) परित्याग गरि नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका पर्सा क्षेत्र नम्बर ४ का नेताहरु मोओवादी केन्द्र छाडेर नेकपा एमालेमा प्रवेश गरेका छन् । माओवादी केन्द्रका नेता वीरेन्द्र यादव, सलाउद्दिन अहमद, कृष्ण मोहन यादव, दिपेन्द्र कुमार चौधरी सहितका १५ जना नेता एक कार्यक्रमबीच एमालेमा प्रवेश गरेका हुन् ।
एमाले केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीको हातबाट टिका र खादा लगाएर उनीहरु एमालेमा प्रवेश गरेको एमालेका वीरगंज महान कमिटी सचिव सुन्दर कुर्मीले जानकारी दिए । एमाले प्रवेश गर्ने नेताहरु एक बर्ष पहिला मात्र जनता समाजवादी पार्टी (जसपा) परित्याग गरि माओवादी केन्द्रमा प्रवेश गरेका थिए ।
वीरेन्द्र यादव, गत प्रदेश सभाको निर्वाचनमा पर्सा क्षेत्र नम्बर ४ 'क' बाट प्रदेश सभा सदस्यको प्रत्यासी समेत बनेका थिए । पार्टी प्रवेश कार्यक्रममा एमालेका नेता सुमन प्याकुरेल, अच्युत मैनाली, निर्मला देवकोटा, प्रभु हजरा, जालिम मियाँ, मनोज गुप्ता, शिवजी साह लगायतको उपस्थिती रहेको थियो ।

# नगवामा युवकको शव फेला



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं १६ नगवामा एक युवकको शव फेला परेको छ । नगवाको नयाँ बस्ती बस्ने ३० वर्षीय नजिम मियाँको शव फेला परेको हो । नगवाको बाईपास रोड नजिकै रहेको नेपाल खानेपानी संस्थानको पश्चिमतर्फ सडक किनारामा युवकको शव फेला परेको ईलाका प्रहरी कार्यलय नगवाका प्रहरी नायब निरिक्षक दिपेन्द्र मल्लले जानकारी दिए । बुधबार करिब पौने ८ बजे उक्त स्थानमा शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । मृतक नजिमले अत्याधिक मादक पदार्थ सेवन गरेकोले सडकमै लडेर उनको मृत्यु भएको मल्लले बताए । तरकारी व्यापारी समेत रहेका मृतक नजिमको शव पोष्टमार्टमको लागि नारायणी अस्पतालमा पठाइएको मल्लले बताए ।

# वीरगंज डुबानको प्रमुख जड 'सिर्सिया नदीको प्रदूषण'

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको सभ्यतासँग जोडिएको सिर्सिया नदी औद्योगिक प्रदूषणको कारण विषाक्त बनेको छ नै, तर यो नदी वीरगंज डुवानको प्रमुख 'जड' समेत भएको छ । बाराको जीतपुर सिमरा उपमहानगर पालिकाको रामवनको झाडीमा सिर्सिया नदीको मुहान छ । झाडी मुहान भएपनि सिर्सिया नदीमा बाह्रै महिना पानी आउने गरेको छ । परवानीपुरको दक्षिणमा यो नदीमा 'कियासुत' नदी आएर मिसिन्छ । त्यसैगरि 'वौधी' खोला पनि यसैमा विलय हुन्छ ।
मुहानबाट त कञ्चन पानी नै निस्कन्छ । तर ३० किमि दूरी छिचोलेर वीरगंजसम्म नपुग्दै नदीको पानी प्रदुषणले कालो गन्हाउने बन्न पुग्छ । रक्सौलको दक्षिणमा गएर यो नदीमा वीरगंजको पूर्वबाट बग्ने सिंघहा नदी आएर मिल्छ । सिमरा, जीतपुर, छातापिपरा, परवनीपुर र वीरगंजमा स्थापना भएका उद्योगहरूबाट निष्कने प्रदूषित पानी सिधै नदीमा छोड्ने गरेकोले पवित्र र कञ्चन नदी अहिले विषालु बनेको छ । यस क्षेत्रमा औद्योगिकरणको विकास क्रम सुरु भएसँगै नदीको अवस्था बिग्रन थालेको स्थानीयहरुले बताएका छन् । ४ दशक अगाडी कञ्चन पानी बोकेर बग्ने सिर्सिया अहिले विषाक्त पानी बोकेर बगि रहेको छ । प्रदुषणको कारण सिर्सिया नदीको सतहमा बालुवा नभएर प्लाष्टिक र प्रदुषित लेदो भेटिने गरेको छ । वीरगंजको सभ्यतासँग जोडिएको सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन वीरगंज महानगरपालिकाले नदी आसपासका क्षेत्रका उद्योगहरुको अनुगमन र कारवाही प्रक्रियालाई कडाईका साथ अगाडी बढाएको छ । वीरगंजमा हुने गरेको डुवानमा समेत सिर्सिया नदीको प्रदुषण जोडिएको छ । नदी स्वच्छ पानी बोकेर बग्नु पर्नेमा फोहोर, कचरा, ढल नल, औद्योगिक प्रदुषण बोकेर बगि रहेको छ ।



जसका कारण ठाउँ ठाउँमा नदी जाम हुने, औद्योगिक प्रदुषण नदीको सतहमा थुप्रिदै जाँदा जमिनको सतह भन्दा नदीको सतह माथि उकासिँदै गएको कारण अहिले वीरगंजमा सामान्य पानी आउँदा समेत सिर्सियाको पानीले डुवान हुने समस्या देखिएको छ ।
काठमाण्डौको बागमती झै वीरगंजको सिर्सिया धार्मिक, सांस्कृतिक, सभ्यतासँग जोडिएको छ । नगरवासीलाई साथमा लिएर नागरिक स्तरबाटै बागमती सफाई चलाएझै सिर्सिया सफाई अभियान चलाएर हिजोकै अवस्थामा सिर्सियालाई फर्काउने योजनामा वीरगंज महानगरपालिका लागि परेको नगर प्रमुख राजेशमान सिंहले बताए । सिर्सियालाई सफा र कञ्चन रुपमा बग्ने बनाउन विभिन्न चरणमा आन्दोलन भएपनि यसले सार्थक रुपमा हासिल गर्न नसक्दा बर्षायाममा समेत प्रदूषित पानी बोकेर सिर्सिया बगि रहेको छ ।

# बेवारिसे अवस्थामा आमा र शिशुको उद्धार





**मधेशदृष्टि**
**वीरगंज ।**
बारा र रौतहटको सिमानमा पर्ने धन्सार पुल नजिकको सडकबाट बेवारिसे अवस्थामा फेला परेको शिशुको आमालाई पनि प्रहरीले बुधबार बिहान बेवारिसे अवस्थामा फेला पारेको छ । बच्चा फेला परेको स्थान नजिक रोएर हिँडिरहेको अवस्थामा प्रहरीले चार महिने शिशुको आमालाई उद्दार गरेको हो । जंगलको बीचमा पर्ने सडकमा महिला रोएर हिँडिरहेको खबर पाएपछि तत्काल पुगेको ईलाका प्रहरी कार्यालय निजगढको प्रहरी टोलीले महिलालाई उद्धार गरी कार्यालयमा ल्याएको थियो । प्रहरीका अनुसार उद्धार गरिएकी महिला भारत मोतिहारीकी हुन् । महिलाले आफ्नो घर मोतिहारी रहेको र श्रीमान्ले आफूसहित शिशुलाई ल्याएर जंगलमा छाडेको बयान दिएकी छिन् । श्रीमानले आफूलाई र शिशुलाई छुट्टाछुट्टै स्थानमा छोडेर भागेको उनले जानकारी दिएकी छिन् । पानीले भिजेको अवस्थामा फेला परेकी महिलाको शारीरिक र मानसिक अवस्था कमजोर देखिएको प्रहरी निरीक्षक घनश्याम श्रेष्ठले जानकारी दिए । श्रीमानले जंगलको बीचमा छाडेर हिडेपछि महिला आफ्नो सन्तान खोज्दै हिडेको अवस्थामा फेला परेको प्रहरी निरीक्षक श्रेष्ठले बताए ।
महिलाले दिएको जानकारी अनुसार प्रहरीले उनको माइती पक्षलाई खबर गरेको छ । उद्धार गरिएकी महिलालाई प्रहरीले मंगलबार फेला परेको शिशुको तस्विर देखाएपछि उनि रुन थालेकी थिईन । उनले आफ्नो छोरालाई भेटाईदिन प्रहरीलाई आग्रह गरेकी थिईन । प्रहरी निरीक्षक श्रेष्ठले महिलाको माईती पक्ष आएपछि बच्चाको आधिकारिकता पुष्टि हुने र परिवारको जिम्मा लगाईने बताए । पुल नजिकको सडकबाट उद्धार गरिएको शिशुलाई कलैयास्थित प्रादेशिक अस्पतालमा चिकित्सकको निगरानीमा राखिएको छ । सडकबाट उद्धार गरेलगत्तै अस्पताल लगिएको शिशुको स्वास्थ्य अवस्था सामान्य छ ।

# लम्पी स्किनबाट २ हजार बढी पशुको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
लम्पी स्किन रोगका कारण मधेश प्रदेशमा २ हजारभन्दा बढी पशुचौपायाहरु मरेका छन् । मधेश प्रदेशमा हालसम्म यो रोगबाट २ हजार २५ पशुचौपायाको मृत्यु भएको हो । लामो समयको पानी नपर्दा खडेरीको चपेटामा परेको मधेशको आठ वटै जिल्लामा उक्त रोगका कारण पशुचौपाया मर्दा पशुधनीले भने ठूलो क्षति बेहोर्नुपरेको छ ।
मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सार्वजनिक गरेको तथ्यांक अनुसार उक्त रोगका कारण सिरहामा सबैभन्दा बढी १ हजार १ सय १८ पशु मरेका छन भने पर्सामा दुईवटा पशु मरेका छन् । यता मधेशका विभिन्न जिल्लामा पशुलाई लम्पी स्किन रोगविरुद्धको खोप लगाउने क्रम पनि जारी छ ।
मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका पशु अधिकृत डा. रञ्जितकुमार अधिकारीले मधेश प्रदेशका आठवटै जिल्लाहरुमा हालसम्म ४५ हजार ८ सय २५ पशुलाई लम्पी स्किनविरुद्धको खोप लगाइसकेको जानकारी दिए । उनका अनुसार धेरै हदसम्म पशुहरु निको पनि भएका छन् । उनले मधेस प्रदेशमा करिब ६७ हजारमा दुई हजार पशुको मृत्यु भएको बताए । प्रमुख अधिकारीले यो रोग निको हुन करिब २० देखि २५ दिन लाग्ने भएकाले केहि गाह्रो हुने जानकारी दिए ।

# डिपिआर तयार गर्न स्थलगत अवलोकन



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश विश्वविद्यालयको भवन निर्माणका लागि बहुदरमाई नगरपालिकाले उपलब्ध गराएको जग्गामा डिपिआर तयार गर्न बुधबार पूर्व मिस नेपाल तथा इन्जिनियर श्रृखला खतिवडा सहितको प्राविधिक टोलीले स्थलगत अवलोकन गरेको छ । विश्व विद्यालयको आधुनिक भवन निर्माणका लागि डिपिआर सहितको नाप नक्सा तयार गर्नका लागि इन्जिनियर सहितको प्राविधिक टोलीले स्थलगत अनुगमन गरेको हो ।
सो अवसरमा मधेश विश्वविद्यालयका उपकुलपति डा. दिपक शाक्य, रजिष्टार विजय यादव, प्रोफेसर डा. कयौम, डा. प्रमोद कुशवाहा, नेकपा एमालेका नेता शिव पटेल, उपसचिव कमल गौतम लगायतको सहभागिता रहेको थियो । मधेशमा दक्ष जनशक्ति उत्पादनका लागि प्रदेश सरकारले वीरगंजमा मधेशमा विश्वविद्यालय स्थापना गरेको हो ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, Email: madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन